# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २७८ | काठमाडौं | मंगलबार, २४ माघ २०७९ | Prabhab National Daily | Tuesday, February 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


यती जहाज दुर्घटना कारण

## 'दुवै इञ्जिनका प्रोपेलरहरू फेदर'



फाइल तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** कास्कीको पोखरास्थित सेती नदीको खोँचमा चालक दलका चार सदस्यसहित ७२ जनाको ज्यान जानेगरी यती एयरलाइन्सको एटिआर जहाज दुर्घटना हुनुको प्रारम्भिक कारण खुलेको छ । जहाज अवतरण गर्ने क्रममा 'बेस लेगमा दुवै इञ्जिनका प्रोपेलरहरू फेदर'मा गएको देखिएको छ । अर्थात् निश्चित डिग्रीअनुसार प्रोपेलर (ब्लेड)हरू छड्के नभई सिधा हुनु जहाज दुर्घटनाको कारण भएको प्रारम्भिक अध्ययनबाट खुलेको हो । प्रोपेलरहरू फेदर हुँदा जहाजको इञ्जिनले पावर त दिन्छ तर जहाज अघि बढ्दैन । जहाज तलमाथि पनि हुँदैन ।

तर, जहाजका दुवै इञ्जिन प्रोपेलर फेदरमा किन गयो ? यसबारे दुर्घटना जाँच आयोगले प्राविधिक र (बाँकी पृष्ठ २ मा)

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**काठमाडौं (प्रस)–** सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएलगत्तै घटाइएको पेट्रोलियम पदार्थको मूल्य सोमबार बढाइएको हो । नेपाल आयल निगमले गएराति १२ बजेदेखि लागू हुनेगरी डिजेल, पेट्रोल र मट्टितेलको मूल्य प्रतिलिटर तीन रुपैयाँले बढाएको छ । साविक खुद्रा मूल्यमा प्रतिलिटर तीन रुपैयाँले बढाई पेट्रोलमा १७८ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर १७५ रुपैयाँ कायम गरिएको छ ।

वृद्धि गरिएको मूल्य गएराति १२ बजेदेखि लागू भएको छ । हवाई इन्धन र एलपी ग्यासको खुद्रा बिक्री मूल्य भने यथावत् राखिएको छ ।

निगमद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ, 'अनुमानित नोक्सानीको अवस्थालाई मध्यनजर गर्दै निगम व्यवस्थापनको २०७९/१०/२३ को निर्णयअनुसार आज (सोमबार) राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल र डिजेल/मट्टितेलको साविकको खुद्रा बिक्रीमा वृद्धि गरिएको छ ।'




कांग्रेस रणनीति

# एमालेलाई च्याँखे, माओवादीलाई काँध



सबैले देखिरहनुभएको छ नि कांग्रेसले एमालेविरूद्ध च्याँखे थाप्दै आएको छ ।

■ **पृथ्वीसुब्बा गुरुङ**
उपमहासचिव, एमाले



कांग्रेसले प्रतिस्पर्धा गर्छ तर त्यसलाई च्याँखे बुझ्नु भएन ।

■ **जीवन परियार**
सहमहामन्त्री, कांग्रेस

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसले नेकपा माओवादी केन्द्रलाई काँध थाप्दा नेकपा एमालेविरुद्ध भने च्याँखे थाप्ने रणनीति अख्तियार गरेको देखिएको छ । प्रमुख विपक्षी दल भएर पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिनु, त्यसअघि १० पुसमा प्रधानमन्त्रीमा दाबी पेस नगर्नु र राष्ट्रिय सभा उपाध्यक्षमा उक्त दलले उम्मेदवार नै नबनाएर माओवादीकी उर्मिला अर्याललाई निर्विरोध बनाउनुले माओवादीलाई काँध थापेको प्रस्ट भएको हो ।

राष्ट्रिय सभा उपाध्यक्ष राज्यशक्तिको एउटा महत्त्वपूर्ण पद हो । कांग्रेसको राष्ट्रिय सभामा १० जना सांसद छन् । सहमहामन्त्रीसमेत रहेका कांग्रेस सांसद जीवन परियार जित्ने अवस्था नभएका कारण राष्ट्रिय सभाको उपाध्यक्ष पदमा उम्मेदवार नबनाइएको बताउँछन् ।

'राष्ट्रिय सभामा कांग्रेस अल्पमतमा छ । ५९ सदस्यीय सभामा हाम्रा माननीयहरू १० जना मात्रै हुनुहुन्छ । यो भनेको निर्वाचन जित्ने गणित होइन,' उनले प्रभावसँग भने, 'तर, कांग्रेसले आवश्यकताअनुसार प्रतिस्पर्धा गर्छ । त्यसलाई च्याँखे बुझ्नुभएन ।'

उसो त प्रतिनिधिसभाको सभामुख चयनका लागि भएको निर्वाचनमा पनि कांग्रेस र सोही दल नेतृत्वको विपक्षी गठबन्धनको स्पष्ट अल्पमत थियो । उपसभामुख पदमा पनि त्यस्तै थियो । तर, कांग्रेसले उम्मेदवारहरूलाई निर्वाचनको मैदानमा उतार्‍यो ।

सत्ता गठबन्धनको तर्फबाट एमालेका देवराज घिमिरे सभामुख र राष्ट्रिय स्वतन्त्र पार्टीकी इन्दिरा राना मगर उपसभामुख पदका उम्मेदवार थिइन् । कांग्रेसले सभामुखमा ईश्वरी न्यौपाने र उपसभामुखमा मुक्ताकुमारी यादवलाई प्रतिस्पर्धामा उतारेको थियो ।

सत्ता गठबन्धनका उम्मेदवारहरू निर्वाचित हुँदा कांग्रेसका दुवै उम्मेदवार पराजित भए । यसरी पराजित हुनेगरीको स्पष्ट मत देखिँदा पनि प्रतिस्पर्धा गरेको कांग्रेसले राष्ट्रिय सभा उपाध्यक्ष पदमा भने प्रतिस्पर्धा गर्न चाहेन ।

एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ कांग्रेसले 'च्याँखे' थाप्दै आएको बताए । तर, त्यसलाई लोकतन्त्रमा प्रतिस्पर्धाको रूपमा लिनुपर्ने उनी बताउँछन् । 'लोकतन्त्रमा प्रतिस्पर्धा अस्वाभाविक होइन । स्वाभाविक हो । प्रतिस्पर्धा गर्न पाउँछ,' उनले भने, 'तर, सबैले देखिरहनुभएको छ कि कांग्रेसले एमालेविरुद्ध च्याँखे थाप्दै आएको छ ।'

गुरुङ उपमहासचिव भएको दल एमालेका अध्यक्ष ओलीले यसअघि २६ पुसमा प्रतिनिधिसभामा विश्वासको मत प्रधानमन्त्री दाहालले लिँदै गर्दा कांग्रेस सभापति शेरबहादुर देउवालाई लक्षित गर्दै एमालेविरुद्ध जाल वा ढोक्सा नथाप्न चेतावनी दिएका थिए । यदि, थापे पनि कांग्रेसको जाल वा ढोक्सामा माछा नपर्ने उनको ठोकुवा थियो ।

'सदाशयले विश्वासको मत दिने हो भने स्वागत छ । होइन, जाल थाप्ने (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## रेमिट्यान्स २४ प्रतिशतले बढ्यो


### ६ महिनामा भित्रियो ५ खर्ब ८५ अर्ब

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनाभित्र मुलुकमा पाँच खर्ब ८५ अर्ब आठ करोड रूपैयाँ रेमिटचान्स (विप्रेषण) भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उक्त रकम बराबरको रेमिटचान्स भित्रिएको उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले गरेको समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही समयको तुलनामा रेमिटचान्स आप्रवाह २४.३ प्रतिशतले वृद्धि भई पाँच खर्ब ८५ अर्ब आठ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५.० प्रतिशतले घटेको थियो । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.९ प्रतिशतले वृद्धि भई चार अर्ब ५० करोड पुगेको उल्लेख गरिएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.७ प्रतिशतले घटेको थियो ।

चालु आवको पहिलो महिनादेखि नै रेमिटचान्स भित्रिने क्रम निरन्तर वृद्धि हुँदै आएको छ । पहिलो महिना साउनमा ९२ अर्ब २१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । भदौमा ९४ अर्ब ८३ करोड, असोजमा ९४ अर्ब एक करोड, कात्तिकमा ९६ अर्ब नौ करोड, मंसिरमा एक खर्ब २४ अर्ब ६० करोड र छैटौं महिना अर्थात् पुसमा एक खर्ब चार अर्ब ५८ करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएको तथ्यांक छ ।




**कुन महिनामा कति भित्रिए**

| | | |
|---|---|---|
| साउन | : | ९२ अर्ब २१ करोड |
| भदौ | : | ९४ अर्ब ८३ करोड |
| असोज | : | ९४ अर्ब १ करोड |
| कात्तिक | : | ९६ अर्ब ९ करोड |
| मंसिर | : | १ खर्ब २४ अर्ब ६० करोड |
| पुस | : | १ खर्ब ४ अर्ब ५८ करोड |

यो तथ्यांक वैदेशिक रोजगारीमा गएका तथा विदेशमा रहेका नेपालीले बैंकिङ च्यानलबाट पठाएका रकम हुन् । रेमिटचान्स भित्रिने क्रम बढ्दा मुलुकको विदेशी मुद्रा सञ्चितिमा ठूलो टेवा पुगेको छ । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा विदेशी मुद्रा सञ्चितिसमेत बढेको हो । अघिल्लो आवमा रेमिटचान्स घट्दा विदशी मुद्रा सञ्चितिमा दबाब परेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीको लागि विदेशिने नेपालीको संख्यामा पनि उच्चदरमा वृद्धि भएको छ । यसै कारण पनि रेमिटचान्स बढेको जानकारहरू बताउँछन् । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या गत आवको सोही समयको तुलनामा ६४.६ प्रतिशतले बढेको छ । उक्त अवधिमा रोजगारीका लागि विदेशिनेको संख्या दुई लाख ७५ हजार ६४३ पुगेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ९.५ प्रतिशतले वृद्धि भई एक लाख ४२ हजार ५४८ जना पुगेको छ ।

## ठगीको आरोपमा दुईजना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि रोमानिया, स्लोभाकियालगायतका युरोपेली मुलुकमा पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर फरार रहेको आरोपमा प्रहरीले एक म्यानपावर कम्पनीका दुई जना सञ्चालकलाई पक्राउ गरेको छ । उक्त मुलुकमा पुगेपछि एक प्रतिष्ठित कृषि कम्पनीमा फ्रुट्सकिपिङको आकर्षक रोजगारी दिलाइदिने भन्दै ठगी गरेको आरोपमा ग्लोबल भिलेज सोर्स प्रालिका सञ्चालक हरी बस्नेत र हेमलाल पुन मगरलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूले युरोपेली मुलुक मात्र नभई खाडी मुलुकमासमेत आकर्षक रोजगारीको प्रलोभन देखाइ ठगी गरेको प्रहरीले जनाएको छ । युरोप तथा खाडीका मुलुकमा आकर्षक रोजगारी र मासिक एक लाख रूपैयाँभन्दा बढी आम्दानी हुने लोभ देखाएर प्रतिव्यक्ति पाँच लाख रूपैयाँ लाग्ने भन्दै पीडितहरूसँग पटक-पटक गरी ३१ लाख ९० हजार रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेमा टोखा बस्ने खोटेहाङ गाउँपालिका-९, खोटाङ स्थायी घर भएका ४० वर्षीय हरी र काठमाडौं तार्केश्वर बस्ने गौमुखी नगरपालिका-७ प्युठान स्थायी घर भएका हेमलाललाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले तार्केश्वरबाटै पक्राउ गरेको जनाएको छ । पीडितबाट रकम संकलन गरी सम्पर्कसमेत नगरी फरार रहेको अवस्थामा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

वैदेशिक रोजगार विभागले उल्लिखित म्यानपारका सञ्चालक बस्नेत र मगरलाई पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि प्रहरीले पक्राउ गरेको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए । उनका अनुसार पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको छ ।




## एमालेलाई च्याँखे...

पृष्ठ १ बाट जारी

वा ढोक्सा थाप्ने त्यो स्वीकार्य छैन । र, माछा पर्ने त्यहाँ पर्ने छैन । अन्तै पर्नेछ,' ओलीको भनाइ थियो । नभन्दै सभामुखमा प्रतिस्पर्धा गरेको कांग्रेस उम्मेदवार एमाले उम्मेदवारसँग पराजित भए । अर्थात् ओलीकै शब्दमा भन्दा कांग्रेसको ढोक्सामा माछा परेन ।

अब, २५ फागुनमा राष्ट्रपति निर्वाचन हुँदै छ । एमाले अध्यक्ष ओलीको दाबीअनुसार सत्ता गठबन्धनको तर्फबाट राष्ट्रपतिमा एमालेको उम्मेदवार हुनेछ । तर, एमालेको राष्ट्रपतिका उम्मेदवारको भन्ने निर्क्योल हुन बाँकी छ । सम्भावित उम्मेदवारका रूपमा भने उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवालीदेखि बागमतीका पूर्वमुख्यमन्त्री डोरमणि पौडेललगायतलाई हेरिएको छ ।

तर, प्रधानमन्त्री दाहाल राष्ट्रपति निर्वाचनमा राष्ट्रिय सहमति कायम गर्नुपर्ने अडानमा छन् । उनको दल माओवादीको पदाधिकारीदेखि स्थायी कमिटीसम्मको बैठकको 'म्याण्डेट' यही छ । यसको मतलव प्रधानमन्त्री दाहाल र उनको दल माओवादी एमालेलाई राष्ट्रपति पद दिन तयार छैन । बरू, घुमाउरो शैलीमा कांग्रेसलाई राष्ट्रपतिमा समर्थन गर्ने छनक दिएका छन् ।

प्रधानमन्त्रीको यस्तो छनककै कारण कांग्रसले राष्ट्रपतिमा उम्मेदवारी दिने निर्णय नै गरिसकेको छ । तर, को हो उम्मेदवार ? निश्चित भइसकेको छैन । भन्नचाहिँ कांग्रेसले सर्वस्वीकार्य व्यक्ति उम्मेदवार हुने जनाएको छ । उक्त उम्मेदवारबारे केही दिनमा थाहा हुने सहमहामन्त्री परियारले बताए । 'हामी छलफल गरेर टुंगो लगाउँछौं । केही दिनमा थाहा दिन्छौं र हाम्रा उम्मेदवार सर्वस्वीकार्य हुने खालका हुन्छन्,' उनले भने ।

कांग्रेसले उम्मेदवार उठाउने भन्नु र प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको अडान राख्नुले एमाले भने सशंकित छ । कतै माओवादीले कांग्रेसलाई राष्ट्रपति निर्वाचनमा भित्रिरूपमा सहयोग त गर्दैन ? एमाले नेताहरूको शंका छ ।

यदि, माओवादीले कांग्रेस उम्मेदवारलाई राष्ट्रपति निर्वाचनमा मत दिएको अवस्थामा सत्ता गठबन्धन टुट्नेछ । कांग्रेसले चाहेको पनि यही हो । किनभने, कांग्रेस १० पुसभन्दा अघिको गठबन्धनलाई ब्युँताउन चाहन्छ । कांग्रेस नेतृत्वमा रहेको उक्त गठबन्धनमा माओवादी, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा थिए ।

तर, कांग्रेस सभापतिसमेत रहेका देउवाले प्रधानमन्त्री र राष्ट्रपति दुवै पद गठबन्धनका अन्य दलहरूलाई नछाडेपछि तत्कालीन गठबन्धन भत्किएको थियो । अहिले कांग्रेस पनि माओवादीलाई साथ लिने र एमालेविरुद्ध च्याँखे थाप्दै अन्ततः गठबन्धनलाई टुटाउने रणनीतिमा अघि बढेको हो ।

## दुवै इञ्जिनका...

पृष्ठ १ बाट जारी

मानवीय पक्षहरूको थप अनुसन्धान अगाडि बढाइसकेको दुर्घटना जाँच आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले बताए ।

उनका अनुसार डेटा रेकर्डर र ककपिट भ्वाइस रेकर्डरको विश्लेषण तथा अनुसन्धानपछि दुर्घटना जाँच आयोगले यो निष्कर्ष निकालेको हो । तर, आयोगले अन्तिम प्रतिवेदन पेस गर्न भने समय लाग्ने जनाएको छ ।

प्रारम्भिक प्रतिवेदनअनुसार अवतरणका लागि अघि बढेको जहाज फाइनल टर्न हुनुअघि नै बेसलेगमा फेदर गइसकेको थियो । सिंगापुरको ट्रान्सपोर्ट सेफ्टी इन्भेस्टिगेसन ब्युरोमा गत साता फ्लाइट डेटा (एफडिआर) र ककपिट भ्वाइस रेकर्डर (सिभिआर) को डेटा विश्लेषण गरिएको हो । र, एटीआर जहाजको दुईवटै इञ्जिनको प्रोपेलर फेदर निकै कम हुन्छ । एउटा प्रोपेलर भने फेदर हुन सक्ने एटीआर जहाजका पाइलटहरू बताउँछन् ।

जहाज पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको पश्चिमतर्फ 'रनवे वान टु'बाट अवतरण गर्ने क्रममा यही १ माघमा दुर्घटनामा परेको थियो । सोही दिन सरकारले पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजक, इञ्जिनियर तथा नेपाली सेनाका उपरथी डा. दीपकप्रसाद बास्तोला, वरिष्ठ क्याप्टेन सुनिल प्रधान, सिनियर इञ्जिनियर एकराजजंग थापा सदस्य र नागरिक उड्डयन मन्त्रालयका सहसचिव लामिछाने सदस्य सचिव रहेको दुर्घटना जाँच आयोग गठन गरेको थियो ।

जहाज भने काठमाडौंदेखि पोखरा उडेको हो । विदेशी नागरिकहरू पनि रहेको उक्त जहाज दुर्घटना हुँदा उद्धार कार्य निकै लम्बियो । दुर्घटनामा ज्यान गुमाएकामध्ये केहीको अझै शव पहिचान नै भएको छैन । डिएनए रिपोर्ट आउन बाँकी छ ।

जहाज भने वरिष्ठ पाइलट कमल केसीले उढाएका थिए । उनी ती पाइलट हुन्, जसले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा डेमो उडान पनि गरेका थिए । तेस्रो उडानको क्रममा जहाज दुर्घटना भएको हो ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०३/३० मा दर्ता भएको **प्रा.लि. नं. १५१३७३** को **रामेछाप इन्भेष्टमेन्ट ग्रुप प्रा. लि.**को मिति २०७९/१०/१४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९

ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०१/२१ मा दर्ता भएको **प्रा.लि. नं. १६८०१८** को **अपर हिमालयन ट्रेक्स एण्ड एडभेन्चर प्रा. लि.**को मिति २०७९/१०/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९

ठेगाना : अनामनगर-२९, काठमाडौं, फोन नं. ९८५१०८२१५५



### मौलापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

पतौरा, रौतहट, २ नं. प्रदेश, नेपाल

**संसोधन सम्बन्धी सुचना मिति: २०२३।०२।०७**

मौलापुर नगरपालिकाबाट मिति २०२३।०२।०२ मा प्रकाशित सुचनामा निम्नानुसार त्रुटी सच्याईएको व्यहोरा सम्बन्धीत सबैमा जानकारीका लागि अनुरोध छ ।

१. प्रथम पटक प्रकाशित मिति २०२३।०२।०७ हुनु पर्नेमा अन्यथा भएको ।
२. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०२३।०३।०८ हुनु पर्नेमा अन्यथा भएको
३. बोलपत्र बुझाउने अन्तिम मिति २०२३।०३।०९ हुनु पर्नेमा अन्यथा भएको
४. बोलपत्र खोलिने मिति २०२३।०३।०९, १४:०० बजे हुनु पर्नेमा अन्यथा भएको

रामबाबु प्रसाद साह
प्रमुख प्रशासकिय अधिकृत



### गढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

प्रदेश नं.१

सुनसरी, नेपाल

**गढी गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

**यस गाउँपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरले कार्यसञ्चालन गर्दै आएको छ ।**

**आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैंबाट सुरूवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस गाउँपालिका बनाउँदै सम्भयताको परिचय दिऔं ।



### राहदानी हरायो

मिति २०७९/०९/१३ गते ठमेलदेखि सोहखुट्टेसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **अनमिका के.सी**
राहदानी नं : **११३१३३५३**
ठेगाना: **काभ्रेपलाञ्चोक**
फोन नं : **९८५११६९३७७, ९८१३०४२८९६**



### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Goh Siong Tee Marine Product Sdn Bhd**

पूर्व स्वीकृति मिति २०७९/१०/२३ LT. No. 280592 चलानी नं. ६०१९६११७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 20 | 0 | 1500 | ४४,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १३ गते (27th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

PALIV INTERNATIONAL PVT.LTD
श्रम ईजाजत नं. ११६४/०७३/०७४

**Paliv International Pvt. Ltd.**

G.P.O Box 19936, Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal
Tel : +977-1-4518268, 4518716, 5911470
E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com



## Lisankhu Pakhar Rural Municipality

## Office of Rural Municipal Executive

**Attarpur, Sindhupalchok**

**Bagamati Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2079/10/24 (7th Feb 2023)**

1. Lisankhu Pakhar Rural Municipality invites bids from Nepalese eligible bidders for the Construction of the works in the table below, under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality,Attarpur, Sindhupalchok, Nepal
3. Pre-bid meeting shall be held at Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchok, at 13:00 hours on 2079/11/17 (1st March 2023).
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid (i.e., 2080/02/26 (9th Jun 2023)).

| S. No. | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of: Submission | Last date & Time of: Opening | Estimated Amount with vat (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | LPRM/W/C/NCB/079/80-06 | Upgrading works of Kakaling- Laqui Road (Kakaling (CH-8+883) to Gonbadanda (CH-6+800)), Lisankhu Pakhar RM-07 | 1,21,600 (In words: One Lakh and Twenty- One Thousand and Six Hundred Rupees only) | 2079/11/26 ((10th March 2023) 12:00 HRs | 2079/11/26 (10th March 2023) 13:00 HRs | 48,64,971.23 (In words: Forty-Eight Lakh Sixty-Four Thousand Nine Hundred Seventy-One Rupees and Twenty-Three Paisa Only) |
| 2 | LPRM/W/W/NCB/079/80-07 | Extension and Maintenance of Ryali Khola Water Supply project, Lisankhu Pakhar RM-02 | 1,21,000 (In words: One Lakh and Twenty-one Thousand Rupees only) | 2079/11/26 ((10th March 2023) 12:00 HRs | 2079/11/26 (10th March 2023) 14:00 HRs | 48,43,108.40 (In words: Forty-Eight Lakh Forty-Three Thousand One Hundred Eight Rupees and Forty Paisa Only) |

**Chief Administrative Officer**

# आमसञ्चारसम्बन्धी कानुनलाई छिट्टै मूर्तरूप दिइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्राथमिकताका आधारमा सञ्चारसम्बन्धी कानुनलाई मूर्तरूप दिइने बताएकी छन् । नेपाल पत्रकार महासंघको आयोजनामा सोमबार सञ्चारग्राममा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा मन्त्री शर्माले प्रविधिको विकाससँगै सञ्चार क्षेत्रको नियमन आवश्यक भइसकेको भन्दै पुराना कानुनलाई प्रतिस्थापन गर्दै सरोकारवालाको प्रत्यक्ष सहभागितामा नयाँ कानुन निर्माण गरिने स्पष्ट पारिन् ।

उनले महासंघलगायत सरोकारवाला संस्थालाई सञ्चार क्षेत्रमा रहेका नीतिगत सुधारका लागि जतिसक्दो छिटो सुझाव दिन आग्रह गरिन् । उनले सोही आधारमा सुधार गरिँदै लैजाने प्रतिबद्धतासमेत व्यक्त गरिन् ।

उनले मुलुकको विकास र परिवर्तनका लागि आमसञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने बताइन् । 'राजनीति र पत्रकारिता अभिन्नरूपमा एक आपसमा जोडिएका छन् । राजनीति र पत्रकारिता जोडिएको थिएन भने देशमा ठूलाठूला परिवर्तन सम्भव पनि थिएन । देशमा भएका राजनीतिक परिवर्तनमा सहकार्य गरेर काँधमा काँध थापेर यहाँसम्म आएको हो,' उनले भनिन् ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले संसद्मा छलफल भएका र पाइपलाइनमा रहेका सञ्चारसम्बन्धी कानुनलाई पूर्णता दिन मन्त्री शर्मा समक्ष आग्रह गरे । सरकारले सञ्चारक्षेत्रलाई प्रदान गर्दै आएको सहुलियत सञ्चालकले मात्र नभई श्रमजीवी पत्रकारले पनि पाउनुपर्नेमा अध्यक्ष पोखरेलले जोड दिए ।

आमसञ्चार प्रतिष्ठान, जेष्ठ पत्रकार सम्मान वृत्ति, मिडिया काउन्सिल विधेयकलगायत सञ्चारक्षेत्रको नीतिगत सुधारका लागि महासंघले दिएको सुझावका आधारमा निर्माण हुनुपर्नेमा उनको जोड थियो ।

सञ्चार सचिव डा. बैकुण्ठ अर्यालले महासंघले उठाएको विषयमा गम्भीर ध्यानाकर्षण भएको बताउँदै उनले सञ्चार प्रतिष्ठानको स्थापना गर्ने सम्बन्धमा विभिन्न चरणमा छलफल भइरहेको जानकारी दिए । महासंघका पूर्वअध्यक्ष तथा सल्लाहकार डा. महेन्द्र विष्टले प्रविधिको विस्तार र पहुँचसँगै सञ्चारक्षेत्रले जनताको जीवनस्तर माथि उठाउन सहयोग पुऱ्याउनुपर्नेमा जोड दिए ।

महासंघका सल्लाहकार एवं पूर्वअध्यक्ष गोविन्द आचार्यले श्रमजीवी पत्रकारको हितका लागि प्रचलित कानुनका आधारमा विभिन्न कोष स्थापना गर्न मन्त्री शर्मालाई अवगत गराए । उनले रोजगारमूलक साना लगानीमा मिडिया बन्द हुने अवस्थामा रहेको, श्रमजीवी पत्रकार ऐनको पूर्णकार्यान्वयन नभएको भन्दै पत्रकारको बृहत्तर हितका लागि महासंघले पहलकदमी लिनुपर्नेमा जोड दिए । त्यस्तै, महासंघकी सल्लाहकार निर्मला शर्माले राजनीतिक क्षेत्रबाट बेलाबेला आउने अभिव्यक्तिबाट सञ्चार क्षेत्रलाई चुनौती बढेको बताउँदै प्रेममाथि हुने त्यस्ता खाले घटनाले लोकतन्त्रमाथि खतरा रहेको बताइन् ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले प्रविधिको विकाससँगै हाल विकास भइरहेको नयाँ मिडियाको नियमन गर्न आवश्यक रहेको बताए । नेपाल पत्रकार महासंघका महासचिव रोसन पुरीले पत्रकारको क्षमता अभिवृद्धिका लागि सञ्चार प्रतिष्ठानको तत्काल स्थापना गर्न आवश्यक रहेको बताए । उनले सञ्चारगृहको आधारमा पत्रकारको पहिचानको व्यस्था गर्न, सञ्चारसम्बन्धी सरकारका नीतिगत समितिमा महासंघको प्रतिनिधित्वलाई कम स्थान दिने थालिएकोप्रति मन्त्री शर्माको ध्यानाकर्षण गराए । उनले लोक कल्याणकारी विज्ञापन, सरकारले सञ्चार क्षेत्रलाई प्रदान गर्ने सहुलियतलगायतमा श्रमजीवी पत्रकारको हितमा व्यवस्था गर्न पनि आग्रह गरेका थिए ।


## फालेलुङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
प्रदेश नं. १, पाँचथर, नेपाल

### फालेलुङ गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१०/२४

यस कम्पनीको मिति २०७८/०५/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रेसिजन कन्सल्ट प्रा.लि. (प्रा.लि. नं. २२७२०८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०५/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **प्रेसिजन कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/२४

साविक कम्पनी (हवाइट हाउस हायर सेकेन्डरी स्कुल प्रा.लि./White House Higher Secondary School Pvt.Ltd.) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (ए.आई.टि.एम. सेकेन्डरी स्कुल प्रा.लि./A.I.T.M. Secondary School Pvt.Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी हवाइट हाउस हायर सेकेन्डरी स्कुल प्रा.लि को नाम कम्पनीको मिति २०७८।१।८ को साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८।३।२२ को स्विकृत निर्णयानुसार परिवर्तन भै ए.आई.टि.एम. सेकेन्डरी स्कुल प्रा.लि.कायम भएकोले सवैको जानकारीकालागि यो सुचना प्रकाशित गरिएको छ ।



## Malaysia मा रोजगार E & H Fresh & Frozen Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०७९/१०/२३ | चलानी नं. ६०१९६१०८ | LT No. : 280591

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 20 | साधारण | 1500 | ४६,७३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७९ फागुन २ गते (14 Feb, 2023) यस प्रा. लि. को कार्यालय शान्तिनगर, काठमाडौंमा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**ईभ नेपाल ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. १०१३/०६८/६९

शान्तिनगर, काठमाडौं, , फोन नं.: ४१०७५२०, ४६२२४३६

Email : evenpl34@gmail.com | www.evenepaloverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEAUTY BY SISTERS LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०४/३१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२३ | LT. No. 269738 | चलानी नं.६०१८५५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ६५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## सुनछहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

### बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९।१०।२३

सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७९।०८।२१ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना भई तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्र खोली मूल्यांकनका लागि बोलपत्र मूल्यांकन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०७९।१०।२३ गतेको निर्णायानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले तपशिलको बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुदाँ सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा(२) बमोजिम सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | SRM/ROL/NCB/02/079/80 | Kasalakamoth Jabanga Jaima Gaun Hudai Tallo Majheri Khola Motor Bato Nirman Yojana | Jalaki Nirman Sewa Rolpa, Uwa Nepal | 6320920.95 | |

प्रमुख प्रशासकीय अधिकृत
सुनछहरी गाउँपालिका


### अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्याहोरा सर्वसाधारणको जानकारीका लागि यो मूल्य सूची प्रकासन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पतिका मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | N90 | चिन | ३००० वाट | २६ पिस | ३,००,०००/- | ३,५०,०००/- |

**बिक्रेता फर्मको नाम** : जमुनी अटो सेन्टर प्रा.लि.  **स्थायी लेखा नं.** ६१०२९४९९०  **ठेगाना** : वडा नं.३, बुढानिलकण्ठ, काठमाडौं, नेपाल
**फोन नं.** ९८०८७०७६४४  **एक्जिम कोड** : ६१०२९४९९००१३९ NP

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### खर्च कटौती : जरुरी कदम

**कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी महामारी, रुस-युक्रेन युद्धलगायतका कारण विश्वमा आएको आर्थिक मन्दीको प्रभाव नेपालले पनि भोगिरहेको छ । त्यसैको प्रभाव चालु आर्थिक वर्षमा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । निर्यात घटेको छ । यसले गर्दा सरकारले स्रोत व्यवस्थापनमा निकै सकस बेहोर्नुपरेको छ ।**

**अर्थ मन्त्रालयले पनि कोभिड-१९ को प्रभाव, युक्रेन-रसियाको युद्ध तथा अन्य विविध कारणबाट विश्वव्यापीरूपमा आपूर्ति शृंखलामा परेको प्रतिकूल प्रभाव र बाह्य क्षेत्रमा परेको चाप व्यवस्थापन गर्न केही वस्तुको पैठारीमा गरिएको पूर्णबन्देजको निर्णयपश्चात् देशभित्रको आर्थिक गतिविधिमा संकुचन हुन गएको स्वीकार गरेको छ । चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व असुली नभएको, बजेटरी सहायता समयमा प्राप्त नभएको, राष्ट्रसेवकको तलब, निवृत्तभरण र सामाजिक सुरक्षा, रासायनिक मल आपूर्ति र विपद व्यवस्थापनका लागि बढ्न गएको व्ययभारलगायतका कारणले चालु खर्चको भार बढेको मन्त्रालयको भनाइ छ । यस्तै आन्तरिक ऋणको ब्याजदर बढ्नुका साथै नेपाली मुद्रा अमेरिकी डलरसँग कमजोर हुँदा वैदेशिक ऋणको साँवा तथा ब्याज भुक्तानी गर्न विनियोजन गरिएको रकम अपर्याप्त हुन गएकोले नेपाल सरकारको स्रोतमा चाप परेको अर्थ मन्त्रालयले बताएको छ । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको संघीय सञ्चित कोष हाल करिब ९० अर्ब रूपैयाँ ऋणात्मक रहेको छ ।**

**यही परिस्थितिलाई मध्यनजर राख्दै अर्थ मन्त्रालयले गएको साता खर्च कटौतीको निर्णय गरेको छ । मन्त्रालयले अनावश्यक खर्च नियन्त्रण गर्न विभिन्न शीर्षकका चालु खर्च कटौतीको निर्णय गरेको हो । सरकारी वित्त सन्तुलन कायम राख्न खर्च कटौती र खर्च रोक्का गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ ।**

**चालुतर्फको खर्चमा अनिवार्य दायित्वबाहेक न्यूनतम २० प्रतिशत कटौती गर्न प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने निर्णय मन्त्रालयले गरेको छ । खर्च कटौतीको निर्णय कार्यान्वयन गर्दा १० अर्ब ५० करोड रूपैयाँ बचत हुने र खर्च रोक्का राख्दा करिब १४ अर्ब रूपैयाँ बराबरका कार्यक्रम स्थगन हुने मन्त्रालयले जनाएको छ ।**

**बजेट खर्च प्रणालीलाई पुनःप्राथमिकीकरण गरी राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान गर्ने आयोजनामा खर्च बढाउने निर्णय मन्त्रालयले गरेको छ । संघीय सरकारको सबै मन्त्रालय र निकायको स्वीकृत बजेटको इन्धन, मर्मतसम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा २० प्रतिशत खर्च कटौती गरेको छ । त्यस्तै, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधारलगायत शीर्षकको बजेटमा पनि २० प्रतिशत खर्च कटौती गरिएको छ ।**

**अर्थले गरेको खर्च कटौतीको यो निर्णयलाई सकारात्मक रूपमा लिन सकिन्छ । तर, यतिले मात्र सरकारलाई वृत्त सन्तुलन कायम गर्न पर्याप्त नहुने देखिन्छ । सरकारले सामाजिक सुरक्षाका नाममा विभिन्न शीर्षकमा बाँड्ने रकमको आकार बर्सेनि बढ्दै गएको छ । यसरी बाँडिने रकममध्ये कतिपयले दोहोरो तेहेरो सुविधासमेत लिइरहेको बताइन्छ । तर, सरकारले यसलाई व्यवस्थित गर्न सकेको छैन । जसले चालु खर्च बढाउनुका साथै स्रोत व्यवस्थापनमा चुनौती थपिरहेको छ । यसमा पनि सरकारको ध्यान जान जरुरी छ । खर्च कटौतीको निर्णयले राज्यको अर्बौं रकम जोगिने देखिन्छ । यो निर्णयको प्रभावकारी कार्यान्वयनमा चुक्नु हुँदैन ।**

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यले आफै खडा भई सेल्युकसको स्वागत गर्दै भने- 'को मगध साम्राज्यका युनानका सम्राटलाई स्वागत छ ।'

चाणक्यले अपनत्व देखाउदै भने-'भारतवर्षका बासिन्दाहरू पाहुनालाई भगवान् सम्झन्छन् युनानाधिपति र फेरि को भन्छ तपाईं सम्राट होइन । युनान र भारतवर्ष एक हुन सकोस् । यसैले मैले तपाईलाई मैत्रीभावते अतिथिस्वरूप बोलाएँ, यसमा कुनै सन्देह छैन ।

'म चाहन्छु भारतवर्ष र युनानको सम्बन्ध यस्तो होस् जसलाई कुनै पनि तरबारले काट्न नसकोस् ।'

'पराजित भई दयास्वरूप मित्रता गर्नु र प्राथको भीख माग्नुमा कुनै अन्तर छैन महोदय तात्पर्य जान्नुहुन्छ एउटा वीर पुरुष प्राणका भीख कहिल्यै पनि माग्दैन', सेल्युकंसले विक्षुब्ध भावने भन्यो ।

जयपराजय त चल्दै रहन्छ, जीवनमा कुनै राम्रो काम गर्दा हार नै पनि यसको भागी बन्छ, तर निन्दित विचारले भएको जयले पनि अपयश नै दिन्छ, एउटा राजाको राज्य विस्तार राम्रो कुरा हो, तर निरीह व्यक्तिको हत्या गरेर उनीहरूका रगतले मिनी बनेको राजाको के सुखकारी हुन्छ ? तपाई नै भन्नोस् के पाइयो नरसंहार गरेर ? के आत्माले शान्ति पायो ?

'आउनुहोस् गला लगाएर मित्रताको अमृतपान गर्नोस् जसले परमशान्ति मिल्छ', शान्त भई सम्झाउँदै चाणक्यले भने । तपाईका सबै कुरा ठीक छन् ! महात्मन् । तर एउटा पराजित राजाबाट तपाई कस्तो मित्रताको अपेक्षा राख्नुहुन्छ ? मैले सम्किन सकिनँ । तपाई त के चाणक्यलाई कसैले पनि बुझ्न सक्तैन आउनुहोस्, केही आफ्ना कुरा गरौं अनि तपाईलाई सोच्ने अवसर पनि प्राप्त हुनेछ । राम्ररी सोचेर उत्तर दिनुहवस् ।

यसरी सेल्युकससँग भित्री कुरा गर्न सभा भवनदेनि अलग्गै चाणक्यले लगे । क्रमशः

# राजनीतिक स्थिरताको चाह



▶▶ सूर्यकुमार घिसिङ

> राजनीतिक स्थायित्व, जनउत्तरदायी शासन र लोकतान्त्रिक प्रणालीको चाह नागरिकमा हुनु स्वाभाविक हो । आफूले चुनेको प्रतिनिधिले जनताका लागि काम गरून् भन्ने नागरिकले सोचेका हुन्छन् । यसैले प्रजातन्त्रलाई जनताले जनताका लागि जनताद्वारा गरिने शासन भन्ने गरिन्छ । एउटा बलियो राजनीति संस्थाले जनताका लागि काम गरिदियो भन्ने लोकतन्त्रको प्रवर्द्धन हुन्छ । लोकतन्त्र बलियो बन्छ ।

नेपाली राजनीतिमा सधैं चर्चा भइरहने विषय हो, राजनीतिक स्थिरता । राजनीतिक स्थायित्वलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न नसके पनि बहसचाहिँ हुने गरेको छ । कुनै पार्टी वा गठबन्धनको सरकारले केही वर्ष काम गर्ने स्थिति बनोस् बन्ने जनचाहना रहँदै आएको छ । तर, जनचाहनाअनुरूप दलहरू चल्न सकेका छैनन् । राजनीतिक दलहरूले जनअपेक्षाअनुसारको काम गर्न नसक्दा राजनीति दलप्रतिको विश्वास पनि घटिरहेको छ । फलतः कुनै पनि दलको स्पष्ट बहुमत आउन सकिरहेको छैन । पुराना दलहरूप्रति जनताले आफ्नो खुलेर दिन सकिरहेको छैन । विकल्पमा नयाँ दलहरू पनि त्यति सशक्त ढंगले आउन सकेका छैनन् ।

कुनै पनि दलको बहुमत नहुँदा सरकार गठनमा समस्या देखिनु स्वाभाविक हो । बहुमत नभएपछि मिलिजुली सरकार बनाउनुपर्ने बाध्यता आइलाग्छ । मिलेमतोमा सरकार त बन्छ तर सरकारले लामो समय काम गर्न पाउँदैन । सरकारले आफ्नो ऐजेण्डालाई स्थापित गराउन नसक्दा आलोचना खेप्नुपरेको छ । हरेक सरकारले काम गरेन भनेर जन गुनासो सुनिने गरेको छ । पछिल्लो समय बनेका सरकारहरूले एक वर्ष पनि राम्रोसँग काम गर्न सकेका छैनन् । सरकार बनेको केही महिनामा नै सरकार फेर्ने राजनीति हुने गरेको छ ।

नेकपाकालीन समय दुईतिहाइ मत पाएका कम्युनिस्टहरूको एकता लामो समय टिक्न सकेन । यसअघिको वाम-लोकतान्त्रिक गठबन्धन चुनावी गठबन्धन मात्र बन्न पुग्यो । चुनावपछि वाम लोकतान्त्रिक गठबन्धन पूर्णतया समाप्त भयो ।

चुनावको बेला मिल्ने र चुनाव सकिएपछि टुट्ने प्रवृत्ति नेपाली राजनीतिको एउटा प्रवृत्ति बन्न पुगेको छ । विचार मिल्ने शक्ति पनि फुटेका छन् । विचार नमिल्ने शक्ति त झन् नफुटने कुरै भएन । गठबन्धन बन्नु र विभाजन हुनु नेपाली राजनीतिको नियति हुन पुगेको छ ।

पछिल्ला वर्षहरूमा वैकल्पिक शक्तिको बहस तीव्र भएको छ । नयाँ शक्ति चाहिन्छ, रूपान्तरणकारी शक्ति चाहिन्छ, विकल्प दिनसक्ने शक्ति चाहिन्छ भन्ने बहस तीव्र भएको छ । संसदीय निर्वाचनमार्फत सहर बजारमा नयाँ दल, नयाँ व्यक्ति, नयाँ सोच विचार बोकेकाहरू अनुमोदित भएका छन् । पुराना दलहरूको विकल्पमा जनताले नवीनतम शक्तिलाई रोजेका छन् । पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको जनमतले नेपाली समाजमा नयाँ शक्तिको तीव्र खोजी भइरहेको संकेत गरेको छ । तराई-मधेसका दलहरूको पनि विकल्प खोजिदै गएको देखिन्छ ।

झण्डै आधा करोड युवाहरू वैदेशिक रोजगारको सिलसिलामा परदेशिन बाध्य छन् । उनीहरू देशको राजनीतिबाट सन्तुष्ट छैनन् । सहरबजारमा मात्र होइन नेपालको ग्रामीण इलाकाका युवाहरू जो मुलुकबाहिर छन्, उनीहरूलाई समेत राजनीतिक प्रणालीले वितृष्णा जगाएको छ । ती युवाहरूले नेपालमा रहेका आफ्ना आफन्तहरूलाई नयाँ मान्छे रोज्न अपिल गरिरहेका छन् । त्यही अपिलले नै काम गरेको छ । त्यो उनीहरूको हृदयको अपिल हो । मातृभूमिलाई सुन्दर बनाउने चाह हरेक मानवमा हुन्छ । नेपालीहरू जहाँ रहे पनि उनीहरू त्यस्तै चाह राख्छन् । पछिल्ला चुनावमा त्यो हृदयको अपिल चित्रमा देखियो । राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता शक्ति उदाए । पहाडमा सहरबजारमा मात्र नभई तराई-मधेसमा पनि वैकल्पिक शक्तिको खोजी गरियो ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा छ । यस पार्टीका सभापति रवि लामिछानेको नागरिकता छानबिनमा पऱ्यो । उनी दोषी देखिए । उनले अदालतको स्वतन्त्रतालाई सम्मान गर्छु भनेर सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । जनमानसमा रवि लामिछानेप्रति सहानुभूति छ । प्राविधिकरूपमा मानिसबाट गल्ती हुन्छ, गल्ती सच्याउन पाउनु पनि मानिसको अधिकार हो । रविप्रति जनताले चुनावमा जस्तै सहानुभूति देखाएका छन् रविले पनि यसलाई अवसरको रूपमा लिन जरुरी छ ।

राजनीतिक स्थायित्व, जनउत्तरदायी शासन र लोकतान्त्रिक प्रणालीको चाह नागरिकमा हुनु स्वाभाविक हो । आफूले चुनेको प्रतिनिधिले जनताका लागि काम गरून् भन्ने नागरिकले सोचेका हुन्छन् । यसैले प्रजातन्त्रलाई जनताले जनताका लागि जनताद्वारा गरिने शासन भन्ने गरिन्छ । एउटा बलियो राजनीति संस्थाले जनताका लागि काम गरिदियो भन्ने लोकतन्त्रको प्रवर्द्धन हुन्छ । लोकतन्त्र बलियो बन्छ ।

नेपाली राजनीतिमा स्थायित्वको बहस पनि यहीनेर जोडिन्छ । हाम्रो राजनीतिले जनताको जीवनमा के गऱ्यो । जनताले देखिने काम खोजेका छन् । शिक्षाको जुन समस्या छ, त्यसलाई समाधान गर्न सकियोस् । स्वास्थ सर्वसुलभ गर्न सकियोस् । रोजगार नपाएर खाडी पुग्नुपर्ने र त्यही मृत्यु भएर बाकसमा आउनुपर्ने बाध्यात्मक स्थिति फेरियोस् । कुनै सुत्केरीले अस्पताल आउने पैसा नभएर मर्न नपरोस् । खानेपानीको सुविधा गाउँदेखि सहरसम्म होस् । सडक सुविधा सबैतिर पुगोस्, आधारभूतरूपमा लोकतान्त्रिक शासन होस् । आमजनताले चाहेको यही हो । जनताको चाहनालाई पूरा गर्ने शासन चाहिएको छ ।



शासक चाहिएको छ ।

राजनीति दलहरूमा एउटा मानसिकता छ । चुनाव जितेपछि सरकारमा जाने र आकर्षक मन्त्रालय पाउनुलाई उपलब्धि ठान्ने प्रवृत्ति विकास भएको छ । पुरानो मानिने पार्टी नेपाली कांग्रेसदेखि नयाँ शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीसम्म त्यही प्रवृत्ति देखापरेको छ । यही कारण जनता निराश भएका हुन । दलहरूले सरकारमा मात्र पुग्ने आफ्नो प्रवृतिलाई फेर्नु पर्छ । जनताले यही चाहेका छन् ।

संसदीय निर्वाचनमार्फत सरकार बन्नुपर्छ । सरकार बलियो बन्नुपर्छ । यसमा द्विविधा छैन । मुख्य त जनताले चाहेको भनेको शासन पद्धतिमा सुधार हो । विकास, लोकतन्त्र र जनतामैत्री शासन हो । राजनीति दलहरूले यही कुरा मनन् गरून् । लोकप्रिय बन्न प्रयत्न गरून् । जनताको मन जितेर शासन गरून् ।






▶▶ वैकुण्ठ भण्डारी

# १२ भाइका, १३ कुरा

कुरो १२ भाइको हो । 'कालेकाले मिलेर खाउँ भाले' भनेजस्तै भो । उग्रवामपन्थीहरूको भीडमा उग्र पश्चिमान्थी देखिएपछि यस्तै हो । आफूलाई राम्रो हुञ्जेल सबै राम्रो आफूलाई राम्रो हुन छाडेपछि सबै बिरानो ।

हिजोसम्म खिसीटिउरी गर्दै अरुलाई सत्तोसराप गर्दा मज्जाले हाँस्न जति मजा आएको थियो, आफूलाई पर्दा १२ भाइले साथ नदिएपछि १३ कुरा त ठोक्नै पऱ्यो । कस्ता-कस्ता आए गुलेली खेलाए मटचाङ्ग्राको सत्यानाश !

म हुँ भन्ने अहमताले आफ्ना वरपर भएकालाई पनि बिगार्छ । मटचाङ्ग्राहरू खुसीले दंग पर्दछन् हुन पनि हो । हिजोसम्म 'तैं चुप मै चुप' आफूलाई चोट परेपछि १३ कुरा गर्न छुट ! यही हो नि प्रजातन्त्र भनेको ?

कम्तीमा मनका वह पोख्न त पाका छन् । गललल हाँस्न त भ्याका छन् । सर्पका खुट्टा सर्पलाई मात्र थाहा हुन्छ भनेजस्तो अब खोलौं न रमेर पोलापोल ।

मुलुक कसले चलायो ? नेताले ? होइन । मन्त्री प्रधानमन्त्री कसले छान्यो जनताले होइन ? जनताले त नेता छाने अरु सबै उत्तर-दक्षिण वारी समुद्रपारीसम्मले छाने । उसैले छान्यो, उसले हान्यो !

१२ भाइका कुरा पनि ठीकै हो । अन्नदाताहरूलाई नै असर पर्नेगरी काम गर्न त कहाँ पाइन्छ त ? देश चलाउन खोज्ने १२ भाइका मालिकहरू कहाँ-कहाँबाट चलेका छन् ? कुन इसारामा चलिरहेका छन् भन्ने कुरा फिरंगीहरूलाई मात्र थाहा छ । किनकि, सबै फिरंगीहरूले नै चलाएका छन् । एउटा फिरंगीले चाल पाएको जस्तो गरेर कहाँ हुन्छ र ? ऊ बेला मटचाङ्ग्राले सार्वजनिक गरेकै हो क्यार ! नेपालाँ शक्तिशाली भनेकै नादरमुनिहरू हुन् । ती नारदमुनिहरू परिचालित हुन् आफूलाई राम्रो भए ठीक नभए बेठीक भन्छन् । ख्वामित्हरूले जे-जे भन्छन् त्यही नै गाउने हुन् ।

अहिले १२ भाइको टाउका गनेर के काम । सूर्य पश्चिमबाट अस्ताउने हो, कहिलेकाहीँ पूर्वबाट पनि अस्ताउँछ त्यसमा धन्दा मान्नु पर्दैन भन्नेको संगताँ परेपछि गाई र गोरु छुटचाउन सक्नुपर्छ । नेपालाँ चलेका र चलाइएका नारदमुनिहरूका कारखाना चल्नका लागि कच्चा पदार्थ कसरी आइरहेको छ । कच्चा पदार्थको स्रोत के हो भन्ने कुरो त पदाँ बस्दा नै खोजविन गर्ने हो, अनि नारायण नारायण भन्ने हो ।

सूर्य अस्ताइसके पनि पनि बादलले छेक्यो भनेर ढाँट्ने त ढुण्डुकारी पो हो त ! आफूले जसरी ढाँटेको हो त्यसैगरी ढाँटिएका छन् । कोदो रोपेर तोरी उम्रँदैन । तोरी उमार्न त तोरीकै बीउ राख्नु परो नि, कि कसो नारदजी ? नारदजीले भनेको कुरा सबै ठीक हुन्छ भन्ने पनि त छैन । सबै बेठीक नै हो भन्न पनि भएन । छान्ने काम त मटचाङ्ग्रा बबुराहरूको हो नि ? छान्न जान्नुपऱ्यो ।

अब १२ भाइ र तिनका ख्वामित कसरी बाँचेका थिए भन्ने कुरा एक छिन् भटभटयाएर हुने हो ? रिसाँ झोकाँ ठोक्दिए भनेर पनि भएन । आफू भलो त जगतै भलो गर्नु पऱ्यो नि ? के-के न खान पाइन्छ भनेर उफ्रँदै 'बा'हरूको शरणमा परेपछि 'बा'हरूले जसरी नचाउँछन् त्यसैगरी नाच्नुपऱ्यो । 'नो नट अगेन' भन्दै 'ऐट अगेन' भन्दै हिँडेपछि स्यालहुँइया गरेर हुन्छ ?

नारदमुनिका ख्वामितहरूले हिजो के गरे, आज के गरिरहेका छन् र भोलि के गर्छन् भन्ने कुरा त उही ख्वामितहरूका पनि मालिकहरूलाई थाहा होला ? विचरा, यी मटचाङ्ग्राले घाँटीको नसा चुँडिनेगरी कराएर हुने भैदिएको भए पहिले नै भइसक्थ्यो । आफू मालिक बन्दा के भाको थियो अरु मालिक बन्दा के हुने रैछ ? १२ भाइका १३ कुरासँग आफैं १३ भाइ हो भन्ने कुरा पनि त नारदमुनिहरूलाई जानकारी होला !

भिड्न नै मटचाङ्ग्राहरू तयार हो भने आऊ, मिलेर भिडौं । के साँच्चै देश बनाउने खोजेको हो त ? त्यसो भए तिम्रा सम्पत्ति शुद्धीकरण गरौं अनि तिम्रा १२ भाइ, १२ भाइका ख्वामितहरूको पनि हरहिसाब केलाऊ । जबसम्म नारदमुनिका कारखानामा ख्वामितहरूको रजगज भइरहन्छ तबसम्म मटचाङ्ग्राहरूको केही लाग्दैन ।

२०४६ सालदेखि हेर्ने हो भने नारदमुनिका कारखानाहरू कसरी चलिरहेका छन् ? २०६२/६३ पछि कसरी कारखानाहरूको बाढी आइरहेको छ ? १२ भाइका ख्वामितहरू हिजो मुसा थिए अहिले कसरी हात्ती भएका छन् । कसले खोज्ने ? रिसाँ झोँक देखाएर मात्र त हुन्न बरी लै । शक्तिमा भएका बेला गर्ने हो, शक्तिबाट लोपारेपछि के अर्थ छ र ? विचरा, बबुरा १२ भाइ त ख्वामितहरूका दास हुन् । जसो-जसो अह्राएको छ उसै गर्ने हो । १३ भाइका रूपमा आफैं ख्वामित बनेको होइन र बरी लै !

ख्वामित बन्नु र नारदका १२ भाइछोराको कुरा गर्नु पनि हात्ती र हात्तीछाप भनेजस्तै भएन र ? माटोलाई माया गरेकै हो भने त किन मटचाङ्ग्राहरूलाई झुक्याउनुपर्ने थियो । एमसिसी कसले पास गर्न लगाए बरी लै ? एमसिसीका विरुद्ध किन मौन बस्यो बरी लै ? घोक्रो त अरुले भने फुटाउन खोजेकै थिए त ? तर, सकेनन् घोक्रोको सट्टा टाउको फुटाए, एमसिसी ल्याए । बात कर्ता है ! 'डु यु अण्डरस्टचाण्ड' मटचाङ्ग्रा ? सत्य सत्य नै हो नारदका कारखानाहरू स्वचालित होइनन् परिचालित नै हो । विभिन्न मुहारबाट परिचालित नारदमुनिका कारखानाका कारणले नै तीन कोटी मटचाङ्ग्राहरूले दुःख पाइरहेका छन् । खुसीको अनुहार कहिल्यै देखाउन पाएका छैनन् । ती कारखानाहरू परिचालित भइरहँदासम्म त्यही कारखानामा बसेर नारदमुनिहरू ख्वामितहरूको इशारामा मटचाङ्ग्राहरूलाई सिध्याउने र राज गर्नेमा नै तल्लीन थिए, छन् र हुने छन् ।

कुन भाइले कसको कुरा काटचो ? कुन भाइ कुन फिरंगीसँग बस्यो ? कुन भाइले कुनचाहिँको ठेक्का पायो भन्ने कुरा त १३ भाइलाई त अवगत नै थियो । यत्तिका वर्षसम्म १३ भाइ गुपचुप किन ? मटचाङ्ग्राले थाहा पाउनुपरो नि ? १२ भाइ त परिचालित थिए, छन् । १३ भाइ पनि त परिचालित हो त्यसको छिनोफानो १३ भाइबाटै सुरु गर्दा कसो होला । '१२ छोरा १३ नाती, बूढाको धोक्रो काँधै माथि' त नहोला नि ?

# गैँडा संरक्षणका लागि घोषणापत्र जारी

**चितवन–** एसियन गैँडा संरक्षणका लागि चितवन घोषणापत्र-२०२३ जारी गर्दै पाँच देशका उच्च अधिकारीको छलफल सकिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पटिहानीमा माघ २० गतेदेखि सञ्चालन गरेको अन्तर्राष्ट्रिय छलफलमा गैँडा संरक्षणमा देखिएका समस्याका उपायको खोजी गरिएको थियो ।

गैँडाको संख्या व्यवस्थापन, बासस्थान व्यवस्थापन, अनुसन्धान, अनुगमन तथा सूचना आदानप्रदान, समन्वय र सहकार्यमा जोड दिने निर्णय गर्दै अन्तर्राष्ट्रिय छलफल सकिएको हो । विभागका उपमहानिर्देशक अजय कार्कीका अनुसार गैँडा पाइने एसियाली राष्ट्रको छ वटा विषयगत क्षेत्रमा छलफल भएको थियो । सन् २०१९ मा भारतमा सम्पन्न दोस्रो बैठकले जारी गरेको एसियन गैँडाका लागि नयाँदिल्ली घोषणापत्र-२०१९ को पुनरवलोकनसमेत गरिएको उनले जानकारी दिए ।

बैठकमा गैँडा संरक्षणको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, गैँडा संरक्षणका लागि प्रविधिको प्रयोग तथा सहकार्य, संरक्षण तथा चोरी सिकार नियन्त्रण, जलवायुपरिवर्तन तथा गैँडा संरक्षण, गैँडा संरक्षणमा अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगलगायतका विषयमा छलफल भएको थियो ।

यस्तै गैँडाको बासस्थानको स्थलगत अवलोकनसमेत गरिएको थियो । पछिल्लो समय गैँडा संरक्षणमा देखिएका चुनौतीलाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषय मुख्यरूपमा उठान भएको उनले बताए । बैठकमा भुटान, भारत, इण्डोनेसिया, मलेसिया र नेपालले आ-आफ्नो देशको अनुभव, प्रविधि, साझा सवाल तथा भावी योजनाजस्ता विषयमा प्रस्तुतिसहित छलफल गरिएको थियो ।

बैठकमा गैँडा संरक्षणका लागि सहकार्य गरी गर्नुपर्ने कार्य, भावी प्रथामिकताका क्षेत्र, गैँडाको चोरी सिकार तथा तिनका अंगको अवैध व्यापार नियन्त्रण, खण्डीकरण र क्षयीकरणबाट बासस्थानको सुरक्षा तथा गर्नुपर्ने सुधारजस्ता विषयमा छलफल भएको कार्कीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

यस्तै गैँडाको व्यवस्थापन, गैँडा-मानव द्वन्द्व व्यवस्थापन, वन्यजन्तुको स्वास्थ्य, सीमापार समन्वय र सहकार्य तथा जलवायुजन्य असरलाई न्यूनीकरण गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो। छलफलका क्रममा गैँडा रहेका देश भारत, नेपाल, इण्डोनेसियालगायतका देशमा हुनसक्ने संरक्षणका चुनौतीका विषयमा छलफल भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालले बताए ।

उनले भने, 'संरक्षणका लागि निकुञ्ज, विभाग, स्थानीय सरकार र प्रदेश सरकारबीच समन्वयको जरुरी देखिन्छ ।' संरक्षणका लागि निकुञ्जको व्यवस्थापनमा सबै तह वातावरण अनुकुलित भएर लाग्न सकेमा मात्रै संरक्षणमा सफल भइने उनको भनाइ छ ।

कोसीटप्पु वन्यजन्तु आरक्षमा गैँडाको वासस्थानको खोजी भइरहेको उनले बताए । विकास र संरक्षणको पाटोलाई सँगसँगै लान सकेमा मात्र संरक्षणमा सहयोग पुग्ने ढकालले बताए । निकुञ्ज र जनताबीचको सम्बन्धलाई बलियो बनाएर संरक्षणमा जुट्नुपर्ने विषयमा छलफल भएको उनको भनाइ छ ।

अहिले भारतमा तीन हजार २६६ वटा, नेपालमा ७५२ वटा र इण्डोनेसियामा १५५ वटा गैँडा रहेको तथ्यांक छ । मलेसिया र भुटानमा संरक्षणको कोसिस गर्दा गर्दै पनि सफल हुनसकेको छैन । पाँचबाहेकका अन्य देशबाट पनि गैँडासँग सम्बन्धित विज्ञको सहभागितामा छलफल भएको थियो । यसअघि पहिलो बैठक इण्डोनेसिया र दोस्रो बैठक भारतको दिल्लीमा भएको थियो । *रासस*

# 'सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउँछौं'

■ प्रभाव संवाददाता

**बनियानी–** स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न सरकार लागिपरेको बताएका छन् । झापाको विर्तामोड-२ स्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाको सोमबार आयोजित १० औं विस्तारित भेलामा उनले सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा अभिवृद्धि गर्न सरकार लागिपरेको बताएका हुन् ।

'सबै नागरिकलाई स्वास्थ्य बिमामा समेट्ने योजनाका साथ सरकार अघि बढेको छ,' मन्त्री गिरीले भने, 'स्वास्थ्य बिमामा वैज्ञानिक प्रणाली लागू गरेर अझ व्यवस्थित र परिस्कृत बनाउँछौं ।' स्वास्थ्य बिमाबाट उपचार गराउन घण्टौं लाइनमा बसेर गुणस्तरहीन औषधि लिएर जानुपर्ने बाध्यता रहेको उल्लेख गर्दै उनले अब त्यस्तो अवस्था अन्त्य हुने जिकिर गरे । 'पालिकास्तरका स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ,' मन्त्री गिरीले भने, 'सातवटै प्रदेशमा सुविधा सम्पन्न अस्पताल बनाउँदै छौं ।'

भाषणमा भन्दा काम गरेरै देखाए जनतामा सरकारप्रति विश्वास बढ्ने हुँदा विगतका कमी/कमजोरीलाई पहिल्याएर ठोस योजनाका साथ अघि बढ्नुपर्नेमा जोड दिँदै उनले उपचार नपाएर मर्नुपर्ने र उपचार गराएर उठिबास हुने वर्तमान अवस्था अन्त्य गर्नु सरकारको दायित्व रहेको बताए ।

# बालिका सम्मेलन गर्दै चन्द्रनगर गाउँपालिका

**सर्लाही–** चन्द्रनगर गाउँपालिकाले बालिका सम्मेलन गर्ने भएको छ। वडा नं ७ स्थित नाढीमन ताल परिसरमा आगामी फागुन २० गते बालिका सम्मेलन आयोजना गर्न लागिएको गाउँपालिका अध्यक्ष राजकुमार महतोले जानकारी दिए ।

उनका अनुसार सन् २०३० सम्ममा बालविवाहको अन्त्य जस्तो महत्त्वपूर्ण राष्ट्रिय दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्दै नेपालका बालिकालाई सक्षम बनाउने उद्देश्यमा योगदान गर्न बालिका सम्मेलन २०७९ आयोजना गर्न लागिएको हो ।

बालिका सम्मेलन २०७९ मा पालिका, जिल्ला, प्रदेश र राष्ट्रियस्तरको बहुक्षेत्रीय सरोकारवालाको सहभागिता तथा तीनवटै तहका बालविवाह, दाइजो र शिक्षासम्बन्धी सवाल केन्द्रित प्राविधिक संवाद सञ्चालन हुने गाउँपालिकाले जनाएको छ ।

'बालविवाह र दाइजोविरुद्धका योद्धालाई सम्मान, प्रत्येक विद्यालयमा बालविवाहको अन्त्य विषयक' वक्तृत्वकला प्रतियोगिता र उत्कृष्ट आर्ट पेन्टिङको प्रदर्शनी, पालिका र जिल्लास्तरमा बालविवाहको अन्त्यका लागि भएका सकारात्मक प्रयास, प्रगति र चुनौती एवं विकासका साझेदार, बालअधिकारकर्मी, प्रदेश सरकार तथा संघीय सरकारले गरेका पहल र अगामी कार्यदिशालगायतका विषयमा विभिन्न प्राविधिक वैज्ञानिक सत्रलाई सम्मेलनको मुख्य आकर्षणका रूपमा प्रस्तुत गरिने पालिकाले जनाएको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IEC PLANT ENGINEERING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२३ LT. No. 276598 चलानी नं.६०१९२२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 11 | 0 | 1500 | ४६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.

Samakhusi-14, Tokha, Kathmandu, Nepal

Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com, Tel: 01 4382668, 4362338, Fax: 01-4362338



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२३ LT. No. 272037 चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

918/067/68

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202

Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHUAN HONG POULTRY FARM SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/१०/१३ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२३ LT. No. 231904 चलानी नं.६०१५०६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Workers | 25 | 0 | 1200 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Api Manpower Solutions Pvt Ltd

Lic No. 1115/073/074

Kusunti-14, Lalitpur, Nepal

Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH FARHAN CONT.

पूर्व स्वीकृति मिति २०७९/१०/२२ LT. No.280573 चलानी नं.६०१९६०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: नि:शुल्क कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd. श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : K.C.S. PIAU TRADING(M) SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/२३ LT. No. 280598 चलानी नं. ६०१९६१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 5 | 0 | 1500 | ४६,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd. Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## ब्रुनाईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RENTOKIL INITIAL (B) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०८/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/२३ LT. No.277691 चलानी नं. ६०१९६१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 296 | 0 | 460 | ६०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फाल्गुण २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4488855/4488856



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Sentinel Security Services Sdn.bhd.

पुर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/२३ LT. No.272994 चलानी नं. ६०१८९२०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 14 | 0 | 1500 | ४६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फाल्गुण २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4488855/4488856



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAR AL KHALEEJ GENERAL CONTRACTIN

पूर्व स्वीकृति मिति : २०७८/१२/१५ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२३ LT. No. 260313 चलानी नं. ६०१७६८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 1 | 0 | 1000 | ३५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066

LOTUS Human Resourse Pvt. Ltd

A Complete Human Resource Company

P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4966177/4966189, Fax: 00977-1-4366035

Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CATCO STAR TRADING LLC

पूर्व स्वीकृति मिति:२०७९/१०/१८ LT. No.280344 चलानी नं. ६०१९६१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २७७ माघ २३ गते २०७९ मा प्रकाशित NABIL OVERSEAS PVT. LTD. को Lot No. 274362 को विज्ञापनमा कम्पनीको नाम **DIVERSIFIED LINES FOR PETROLEUM SERVICES (DLPS)** र Lot No. 280318 को कम्पनीको नाम **LUXURY MAGIC HOTEL SERVICES COMPANY** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

NABIL OVERSEAS PVT LTD.

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

## माईग्रेसन हराएको सूचना

मिति २०७९/०९/१८ गते चावहिल देखि जोरपाटीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट, Computer Basic, Graphic Certificate तथा अन्य कागजातहरु हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : कुसुम भुजेल
ठेगाना : सानोठिमी, भक्तपुर
सिम्बोल.नं.: २११००६२७
सम्पर्क : ९८६३९७४०९३, ९८०३७४६३४४

## राहदानी हरायो

मिति २०७९/०९/१३ गते ठमेलदेखि सोहखुट्टेसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : अनमिका के.सी
राहदानी नं : ११३१३३५३
ठेगाना: काभ्रेपलाञ्चोक
फोन नं : ९८५११६९३७७, ९८१३०४२८९६

## मोटरसाइकल हराएको सूचना

**युवा कृषक बहुद्देश्यीयय सहकारी संस्था लि.** को नाम बाट ऋीणी **श्री सागर नगरकोटीको** नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।१०।१९ गते का.जि.च.न.पा.-१५, नैकाप स्थित घरको पाकिङ्गबाट रातीको १२:०० वजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार - Pulsar 220 CC
मो.सा.नं : Bagmati Province 027 Pa 8120
चेसिस नं. MD2A13EX5MCA83337
इन्जिन नं. DKXCMA71380
रङ्ग - कालो , रातो
सम्पर्क - 9851055886

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१०/१९ गते निम्न विवरणको बेटल ग्रीन रङको रोयल इन्फिल्ड कम्पनीको, क्लासिक ३५० मोटरसाइकल का.जि.का.म.न.पा.८, गुजेश्वरी स्थित ढल विकास जनिकैको पार्किङ स्थलबाट रातको ९:०० देखि १०:०० बजेको बिचको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनी: लुम्बिनी विकास बैंक लि.
ऋणी: सन्दिप कुमार भुजेल
बाइक नं. : बा.प्र -०३,०२,०१४ प ३६२९
च्यासिस नं.:ME3U355C1IA-998014
इन्जिन नं. : U355C11A-196810
ठेगाना : ललितपुर, ईमाडोल
मो. : 9851145053, 9828897691

## विनयी त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
नवलपरासी, बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशन मिति: २०७९/१०/२४

यस कार्यालयबाट मिति २०७९/०९/१८ गते तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रूपमा प्रभाग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | बोलपत्र नं. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र प्रोभिजनल सम सहित |
|---|---|---|---|---|
| १. | 24/Works/ NCB/BT/ 2079-080 | Dumkibas Jogikuti Thulotaadi Sadak | omkar builders, gokarneshwor-12, kathmandu | 3245524.24 |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक






## किरणको 'चंगा' मा दयाहाङ

फिल्म अभिनयमा निकै ब्यस्त अभिनेता दयाहाङ राई बेला बेलामा म्युजिक भिडियोमा समेत देखिने गर्दछन् । फुर्सदको समय सदुपयोग भन्दै उनी फिल्मबाट बचेको समय म्युजिक भिडियोलाई दिने गर्छन् । यस्तैमा अभिनेता दयाहाङ अभिनित गीत 'चंगा' सार्वजनिक भएको छ । भिडियोमा दयाहाङसँगै अशिम सुब्बा र संगीता थापा लगायतको अभिनय छ । द भ्वाईस अफ नेपाल सिजन ४ बिजेता करण राईको स्वर रहेको गीतमा 'चंगा' मा प्रकाश आङ्देम्बेको शब्द र देबेश राईको संगीत छ । गीतको भिडियो अनिल सुब्बाले निर्देशन गरेका हुन् । भिडियोमा गायक करण पनि देखिएका छन् ।




मंगलबार, २४ माघ २०७९ (Tuesday, February 7, 2023)


# अगत्यमा नासिर र मलिका




■ प्रभाव संवाददाता

**काठमाडौं–** सौरभ चौधरीको निर्देशनमा बन्न लागेको फिल्म 'द अनब्रेकेबल : अगस्त्य' का लागि अभिनेता नाजिर हुसेन र अभिनेत्री मलिका महत अनुबन्धित भएका छन् । फिल्मको मुख्य भूमिकाको लागि निर्माण टिमले यी कलाकारसँग सम्झौता गरेको हो । निर्माण युनिटले फिल्मको पोष्टर सार्वजनिक गर्दै कलाकारमा भित्रिएको जानकारी दिएका छन् ।

दुई च्याप्टरमा निर्माण हुने फिल्मका लागि केही अगाडि अभिनेता सौगात मल्ल अनुबन्धित भएका थिए । सौगात, नाजिर र मलिकाको प्रवेशसँगै फिल्ममा कलाकारको लाइनअप बलियो बनेको छ ।

यी तीनै जना कलाकारले पहिलो पटक एक अर्कासँग काम गर्न लागेका हुन् । तर, मलिका फिल्ममा कसको जोडी बनेर देखिनेछिन्, त्यो भने खुलाइएको छैन । फिल्ममा सौगात र नाजिर एक्सन भूमिकामा देखिनेछन् ।

फिल्मको कथा निर्देशक स्वयंको हो । उनले दुवै च्याप्टरको कथा तयार पारिसकेका छन् । फिल्मलाई प्रकाश मल्ल र अनिष तामाङले निर्माण गर्नेछन् । डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्मको नेपालमा काठमाडौं र नवलपरासी, भारतमा गोरखपुर र बनारसमा छायांकन हुनेछ । फिल्मको छायांकन राजेश श्रेष्ठ हुन् । फिल्मका लागि अन्य कलाकारहरू पनि चाँडै अनुबन्धित गरिने निर्देशक चौधरीले बताए ।

फिल्ममा नेपालीसँगै भारतका केही नाम चलेका कलाकारको पनि अभिनय रहनेछ । चाँडै भारतीय कलाकारसँग सम्झौता गर्ने तयारीमा निर्माण टिम छ । आगामी बैशाख अन्तिमबाट सुटिङ सुरु गर्न लागिएको फिल्मको शीर्षक हिन्दु धर्मका सप्तऋषि मध्येका अगस्त्य ऋषिको नामबाट जुराइएको हो ।

# पललाई अदालतमा उपस्थित गराउन आदेश

■ प्रभाव संवाददाता

**पोखरा–** बालयौन दुराचारको मुद्दामा नवलपुर अदालतको फैसलापछि तनहुँ कारागारको थुनामा रहेका नायक पूर्णविक्रम (पल) शाहलाई अदालतमा उपस्थित गराउन उच्च अदालतले आदेश दिएको छ ।

नाबालिगलाई यौन दुराचार गरेको अभियोगमा नवलपुर जिल्ला अदालतले शाहलाई दुई वर्ष छ महिना कैद र रु १० लाख क्षतिपूर्तिको फैसला सुनाएकामा उच्च अदालत पोखराले शाहलाई १५ दिनभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको हो ।

उक्त फैसला विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय र शाह पक्षले उच्च अदालत पोखरामा पुनरावेन दिएका थिए । उच्च अदालत पोखराका कामु मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश ऋषि राजभण्डारीको संयुक्त इजलासले दुवै पक्षलाई झिकाउने आदेश दिएको शाहका कानून व्यवसायी वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले जानकारी दिए ।



नाबालिगमाथि जबरजस्ती करणी गरेको अभियोगमा तनहुँ अदालतमा परेको मुद्दामा शाहले सफाइ पाइसकेका छन् । नवलपुर अदालतको फैसला भुक्तानका लागि शाह यतिबेला तनहुँ कारागारमा छन् । नाबालिगमाथि जबरजस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो ।

# नीता र हरिहरको 'ह्रस्व दीर्घ'को छायांकन सुरु

**काठमाडौं (प्रस)–** फिल्म 'ह्रस्व दीर्घ' को छायांकन सुरु भएको छ । सोमबार भारतको हैदरावादमा अवस्थित संसारकै सबैभन्दा ठुलो स्टुडियो रामोजी फिल्म सिटीबाटमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै सुरु गरिएको हो ।

फिल्मको सुटिङ सुरु भएको अभिनेत्री तथा निर्माता निता ढुंगानाले एक भिडियोमार्फत जानकारी दिएकी हुन् । उनले भनेकी छन्, 'फिल्मको अबचाहिँ बल्ल छायांकन सुरु भएको छ । संसारकै सबैभन्दा ठुलो स्टुडियोमा नेपाली फिल्म खिच्नु भनेको नेपाली र नेपाली फिल्म इन्डस्ट्रीका लागि धेरै ठुलो कुरा हो जस्तो लाग्छ । पहिलो कदम मैले चालेँ, अब तपाईंहरूको साथ, माया र आर्शिवाद चाहिएको छ ।' चन्द्र पन्तको निर्देशन रहने फिल्ममा नितासँगै



हरिहर अधिकारी, विपना थापा, सरोज खनाल, नरेन खड्का, आदर्श मिश्रा, गरिमा शर्मा, लक्ष्मी पौडेल, वसिम राजा, साउथ फिल्मका कलाकारहरू ब्रह्मानन्दम, अली, 'पुष्पा' का भिलेन सुनिल वर्मा, 'गजनी' का भिलेन प्रदीपराज रावतको पनि अभिनय रहनेछ । निता फिल्मस्को ब्यानरमा बन्ने लागेको फिल्मको बजेट ४ करोड बताइएको छ ।

दिल आपके पास है', 'वेलकम ब्याक', 'परदेश' जस्ता बलिउड फिल्म छायांकन गरेका कवीरलाल 'ह्रस्व दीर्घ' को छायाँकार हुन् । प्रेमकथामा बन्न लागेको फिल्म नेपाल तथा भारतका फिल्म हल र प्रतिष्ठित ओटीटी प्लेटफर्ममा रिलिज गर्ने योजनामा निर्माण युनिटको छ ।

## रंगशाला

### गोल्डेन एथलेटिक्स

# तेज र निशा सर्वोत्कृष्ट



■ प्रभाव संवाददाता

**काठमाडौं–** गोल्डेन एथलेटिक्स मिट प्रतियोगितामा पुलिसका तेजबहादुर कार्की र लुम्बिनी प्रदेशकी निशा चौधरी सर्वोत्कृष्ट खेलाडी चुनिएका छन् । एथलेटिक्स परिवार नेपालद्वारा आयोजित प्रतियोगितामा कार्की र चौधरी सर्वोत्कृष्ट खेलाडी चुनिएका हुन् ।

त्रिपुरेवरस्थित दशरथ रंगशालाको प्रांगनमा आज सम्पन्न प्रतियोगिताको पाँच हजार मिटर पुरुष दौडमा एपीएफका सञ्जीव नेपाली पहिलो भए । उनले निर्धारित दुरी १५ मिनेट ५३ दशमलव ३ सेकेन्डमा पूरा गरे । पुलिसका सन्तोष नाथ योगी १५ मिनेट ५६ दशमलव ६ सेकेन्डको समय निकाल्दै दोस्रो र पुलिसकै प्रकाश सिंह १६ मिनेट २ सेकेन्डको समयको साथ तेस्रो भए ।

महिला पाँच हजार मिटर दौडमा धादिङकी सन्तोषी श्रेष्ठ पहिलो बनिन् । उनले निर्धारित दुरी १७ मिनेट ३७ सेकेन्डमा पार गरिन् । पुलिसकी राममाया बुढा १८ मिनेट ४४ सेकेन्डको समय निकाल्दै दोस्रो र पुलिसकै रेखा विष्ट १८ मिनेट ४५ सेकेन्डको समय निकाल्दै तेस्रो भइन् । पुरुष दुई समय मिटर दौडमा एपीएफका शिवराज पार्कीले २२ दशमलव ३७ सेकेन्डको समय निकाल्दै पहिलो बने । एपीएफकै निर प्रताप महतोले २२ दशमलव ८१ सेकेन्डको समयमा दोस्रो र काठमाडौँका अरुण महतो २३ दशमलव ५ सेकेन्डको समय खर्चँदै तेस्रो बने ।

सोही स्पर्धाको महिलातर्फ दाङकी निशा चौधरी २५ दशमलव ७१ सेकेन्डको समय निकाल्दै पहिलो बनिन् । एपीएफकी रमीताकुमारी थारुले २६ दशमलव ७२ सेकेन्डको समय निकाल्दै दोस्रो र पुलिसकी लक्ष्मी साउदले २८ दशमलव ४६ सेकेन्डको समय निकाल्दै तेस्रो बनिन् ।

पुरुष आठ सय मिटर दौडमा पुलिसका तेजबहादुर कार्की १ मिनेट ५८ दशमलव ४ सेकेन्डको समय निकाल्दै पहिलो बने । पुलिसका नागेश्वर ऐर १ मिनेट ५८ दशमलव ९ सेकेन्डको समयमा दोस्रो र सुदूरपश्चिमका कुशल जैशी २ मिनेट ०३ दशमलव ९ सेकेन्डको समय निकाल्दै तेस्रो बने । महिला आठ सय मिटरमा एपीएफकी फुलमती राना २ मिनेट २३ दशमलव ५ सेकेन्डको समय निकाल्दै पहिलो, एपीएफकै आशा रावत २ मिनेट २९ दशमलव ३ सेकेन्डको समय निकाल्दै दोस्रो र सीमा चौधरी २ मिनेट ३२ दशमलव ४ सेकेन्डको समय निकाल्दै तेस्रो बनिन् ।

पुरुष ट्रिपल जम्पमा एपीएफका सलिम देवान १३ दशमलव ४८ सेन्टिमिटरको दुरी पार गर्दै पहिलो बने । एपीएफकै चन्द्रदेव जोशी १३ दशमलव ४५ सेन्टिमिटरको दुरी तय गर्दै दोस्रो र रामकुमार लामिछाने १३ दशमलव ३५ सेन्टिमिटरको दुरी तय गर्दै तेस्रो बने । महिला स्पर्धामा पुलिसकी सिमा चौधरी १० दशमलव २ ९ मिटरको दुरी पार गर्दै पहिलो बनिन् । एपीएफकी इनजीता राई ९ दशमलव ८६ सेकेन्डको दुरी पार गर्दै दोस्रो र पुलिसकी सुमित्रा कुमारी चौधरी ९ दशमलव ५४ मिटरको दुरी तय गर्दै तेस्रो बनिन् ।

ज्याभलिन थ्रो पुरुषमा एपीएफका रमेश पोखरेल पहिलो बने । उनले ५२ दशमलव ५५ सेन्टिमिटरको दुरीमा थ्रो गरे । एपीएफकै मनोज डन्गुरा दोस्रो र पुलिसका पुस्कल खड्का तेस्रो बने । महिला स्पर्धामा चन्द्रकला लाम्घादे ४२ दशमलव १३ सेन्टिमिटरको दुरीमा थ्रो गर्दै पहिलो बनिन् । एपीएफकी सिमा कुमारी थारु दोस्रो र बसन्ती चौधरी तेस्रो बनिन् ।

पुरुष सटपुटमा पुलिसका पुस्कल खड्का ११ दशमलव ७४ को दुरी पार गर्दै पहिलो बने । पुलिसकै रूपेश भण्डारी दोस्रो र एपीएफका मिलन चौधरी तेस्रो बने । महिला स्पर्धामा पुलिसकी चन्द्रकला लाम्घादे ११ दशमलव ९७ मिटरको दुरी तय गर्दै पहिलो बनिन् । पुलिसकै बसन्ती चौधरी दोस्रो र गोरखाकी मन्जु गुरुङ तेस्रो बनिन् ।

चार बाई चार सय मिटर मिक्स रिलेमा एपीएफको टिम च्याम्पियन बन्यो । लुम्बिनी प्रदेशको टिम दोस्रो र नेपाल पुलिस क्लबको टिम तेस्रो बन्यो । प्रतियोगितामा विभागीय टोलीसहित तीन सय खेलाडीले सहभागिता जनाएको आयोजकले जनाएको छ । पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिब टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ लगायतले पुरस्कार प्रदान गरे ।

# राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षकमा देशाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट सङ्घ (क्यान) अन्तर्गतको मुख्य प्रशिक्षक छनोट समितिले राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा भारतीय प्रशिक्षक मोन्टी देशाईलाई नियुक्त गरेको छ ।

देशाई एक साताअघि नै नेपाल आउनुभएको थियो । खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले स्वीकृत दिएपछि मात्र आज देशाईलाई नियुक्त गरेको क्यानले जनाएको छ । यसअघि देशाईले सन् २०१७ मा नेपाली यु-१९ टोलीको ब्याटिङ कन्सल्ट्यान्ट सम्हालेका थिए । त्यसअघि उनले सन् २०१४ को आइसिसी टि ट्वान्टी विश्वकप छनोटको क्रममा राष्ट्रिय क्रिकेट टोलीको लागि काम गरेका थिए ।


त्यसैगरी देशाई पछिल्लो तीन वर्ष



वेस्टइन्डिजमा ब्याटिङ प्रशिक्षकको रूपमा काम गरेका थिए । उनले सन् २०१९ देखि २०२२ को डिसेम्बरसम्म वेष्टइन्डिजमा काम गरेका हुन् । यसअघि क्यानले मुख्य प्रशिक्षकको लागि खुला आवेदन गरेको थियो । जसमा २४ जनाले प्रशिक्षक सहभागी थिए । त्यसमध्ये क्यानले अन्तिम चरणमा पाँच प्रशिक्षकको नाम सार्वजनिक गरी अन्तर्वार्ता लिएको थियो ।

यसअघि मुख्य प्रशिक्षक मनोज प्रभाकरले राजिनामा दिएपछि नेपाली टोली प्रशिक्षकविहीन भएको थियो । घरेलु मैदानमा आयोजना हुने आइसिसी पुरुष विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिकोणात्मक एकदिवसीय सिरिजको तयारीमा नेपाल रहेको छ । जसमा देशाईले नेपाली टोलीलाई प्रशिक्षण दिनेछन् । नेपाल, स्कटल्याण्ड र नामिबियाबीच हुने उक्त प्रतियोगितामा आगामी फागुन २ गतेदेखि सुरु हुनेछ ।

# पिपल्स च्वाइसमा पाँच खेलाडी




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गर्ने पल्सर स्पोर्टस अवार्ड २०७८ अन्तर्गत पिपल्स च्वाइस विधामा विभिन्न खेलका पाँच खेलाडी मनोनयनमा परेका छन् । क्रिकेटका आसिफ शेख, टेनिसकी अभिलाषा विष्ट, फुटबलका अञ्जन विष्ट, पौडीकी डुवाना लामा र भलिबलकी उषा भण्डारी मनोनयनमा परेको मञ्चले जनायो ।

उक्त मनोनयनमध्ये विजेता खेलाडीले एक थान मोटरसाइकल प्राप्त गर्नेछन् । मनोनयनमा परेका आशिफ शेखले ट्वान्टी ट्वान्टी अन्तर ाष्ट्रिय डेब्यु खेलमा नै अविजित अर्धशतक बनाएका थिए । उनले नेदरल्याण्डविरुद्धको खेलमा कुशल भुर्तेसँग ११६ रनको साझेदारी गरेका थिए जुन नेपालको ओपनिङमा उच्च साझेदारी थियो ।

त्यस्तै शेखले सन् २०२३ मा आइसिसीको स्पिरिट अफ क्रिकेट अवार्ड जिते । उक्त अवार्ड पाउने उनी नेपालको पहिलो खेलाडी हुन् । त्यसैगरी त्रिभुवन आर्मी क्लबमा आवद्ध टेनिसकी अभिलाषाले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा चार स्वर्ण जित्दै नयाँ कीर्तिमान कायम गरेकी थिइन् । उनी प्रोफेसनल टेनिस खेल्ने नेपालकी एकमात्र महिला खेलाडी हुन् ।

भलिबलकी उषा सम्मिलित टोलीले नेपालमा आयोजना भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा रजत पदक जितेको थियो । उनले यसै प्रतियोगिताबाट राष्ट्रिय टोलीमा डेब्यु गरेकी थिइन् ।

नेपाल सन् २०१९ मा बंगलादेशमा सम्पन्न एसियन सेन्ट्रल जोन भलिबल च्याम्पियनसिपमा नेपालले उपाधि जित्दा उषा टोलीको सदस्य थिइन् । पौडीकी डुवानाले पोखरामा आयोजना भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा नौ स्वर्ण र एक रजत पदक प्राप्त गरेकी थिइन् । विगत २०६४ सालदेखि उनले पौडीमा निरन्तर सक्रिय सहभागिता जनाउँदै आएकी छिन् । फुटबलका अन्जन राष्ट्रिय टोलीबाट ११ गोल गर्न सफल भएका थिए । सर्वाधिक गोलकर्ताको दौडमा उनी तेस्रो स्थानमा छन् । अन्जनभन्दा अगाडि नीराजन रायमाझी र हरि खड्का छन् । पिपल्स च्वाइस विधाका विजेता खेल पत्रकार, राष्ट्रिय प्रशिक्षक र समर्थकको भोटिङका आधारबाट चुनिने छन् ।

आगामी फागुन २३ गते हुने उक्त १९औं संस्कारणको पल्सर स्पोर्टस अवार्डमा विभिन्न नौ विधामा सम्मान गरिनेछ । जसमा उत्कृष्ट वर्ष पुरुष खेलाडी, उत्कृष्ट वर्ष महिला खेलाडी, उत्कृष्ट वर्ष प्रशिक्षक, उत्कृष्ट वर्ष युवा खेलाडी, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड छन् ।

# इन्डोनेसियाको आर्थिक वृद्धिदर ९ वर्षयताकै उच्च

**जकार्ता–** विश्वव्यापी अनिश्चितता र अन्तिम त्रैमासिकमा देखिएको मन्दीका बाबजुद इन्डोनेसियाको आर्थिक वृद्धि दर सन् २०२२ मा नौ वर्षयताकै उच्च बिन्दुमा पुगेको आधिकारिक तथ्यांकले देखाएको छ । सन् २०२० मा इन्डोनेसियाको कूल गार्हस्थ उत्पादन (जिडिपी) २.०७ प्रतिशतले खुम्चिएपछि यसको निर्यात र पर्यटनमा निर्भर अर्थतन्त्रमा ठूलो असर परेको थियो ।

तर, दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्रमा त्यसयता उकालो लागेको छ र गत वर्ष ५.३१ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेको तथ्यांक इन्डोनेसियाली सरकारले सोमबार सार्वजनिक गरेको छ । ‘सन् २०२२ मा इन्डोनेसियाको अर्थतन्त्र बलियो रूपमा वृद्धि भएको तथ्यांकले देखाउँछ,’ तथ्यांकसम्बन्धी निकायका प्रमुख मार्गो युवोनोले भने ।

उनले उच्च निर्यात मूल्य र यात्रा प्रतिबन्ध हटाइएका कारण वृद्धि भएको र मार्चमा क्वारेन्टिनको आवश्यकतामा कमी आएसँगै व्यापारलाई बढावा दिइएको र पर्यटक आगमनमा वृद्धि भएको बताए । युवोनोले भने, ‘लगभग सबै अन्तर्राष्ट्रिय विमानस्थलहरू पुनः सञ्चालनमा आएपछि मानिसहरूको आर्थिक गतिविधि बढेको छ ।’

देशले वर्षको पहिलो छ महिनामा सात लाख ४० हजारभन्दा बढी आगन्तुकहरूलाई स्वागत गरेको थियो । यो अघिल्लो वर्षको तुलनामा ८०० प्रतिशतभन्दा बढीको वृद्धि हो । जुलाई-सेप्टेम्बरको एक मजबुत अवस्थापछि वर्षको अन्तिम त्रैमासिकमा सुस्त वृद्धिको बाबजुद वार्षिक वृद्धि बलियो देखिएको हो । इन्डोनेसियाको अक्टोबर-डिसेम्बरमा आर्थिक वृद्धिदर ५.०१ प्रतिशतले बढेको छ, जुन अघिल्लो तीन महिनामा ५.७२ प्रतिशत थियो ।

तर, सन् २०२१ मा कोरोना भाइरसको संक्रमण घट्न थालेपछि पाम आयल, कोइला र निकेलजस्ता प्रमुख वस्तुको निर्यात मूल्यमा उल्लेख्य वृद्धि भएपछि यसले महामारीको न्यूनताबाट आफ्नो वार्षिक वृद्धिलाई ३.६९ प्रतिशतले कायम राखेको छ । अर्थशास्त्रीहरूका अनुसार सुधारका बाबजुद यस वर्ष देशको आर्थिक वृद्धिदर केही सुस्त हुने अनुमान गरिएको छ ।

क्यापिटल इकोनोमिक्सका वरिष्ठ एसिया अर्थशास्त्री ग्यारेथ लेदरले भने, ‘कमजोर विश्वव्यापी माग, उच्च मुद्रास्फीति र उच्च ब्याज दरले गतिविधि खुम्चिएकोले यस बर्ष आर्थिक वृद्धि दरमा थप कमजोरी आउनसक्ने देखिन्छ । ‘आगामी त्रैमासिकहरूमा वृद्धि अझ सुस्त हुने अनुमान गरिएको छ । *रासस/सिन्हवा*

# भूकम्पमा परी टर्की र सिरियामा सयौंको मृत्यु

**इस्तानबुल–** टर्की र सिरियाको सीमा क्षेत्रमा सोमबार बिहान गएको ७.८ म्याग्निच्युडको भूकम्पका कारण सयौं व्यक्तिले ज्यान गुमाएका छन् । सोमबार बिहान सुतिरहेकै अवस्थामा भूकम्पको शक्तिशाली धक्का महसुस गरिएको र उक्त भूकम्पका कारण टर्की र सिरियामा गरी ५०० भन्दा बढीको मृत्यु भएको थियो । सिरियामा जारी गृहयुद्ध र अन्य द्वन्द्वका कारण लाखौं मानिसले भरिएको यस क्षेत्रका प्रमुख सहरहरूको पूरै क्षेत्रलाई कम्पन गर्नेगरी करिब एक शताब्दीयताकै सबैभन्दा शक्तिशाली भूकम्प गएको हो ।

सिरियाको राष्ट्रिय भूकम्प केन्द्रका प्रमुख राएद अहमदले सरकार समर्थित रेडियोसँग भने, ‘केन्द्रको स्थापनापछि रेकर्ड गरिएको यो सबैभन्दा ठूलो भूकम्प हो । स्वास्थ्य मन्त्रालय र स्थानीय अस्पतालका अनुसार सरकार नियन्त्रित सिरियाका साथै टर्की समर्थक समूहको कब्जामा रहेको उत्तरी क्षेत्रमा कम्तीमा २४५ जनाको मृत्यु भएको छ ।’

टर्कीका उपराष्ट्रपति फुआत ओक्टेले सोमबार टर्कीमा २८४ जनाको मृत्यु भएको र दुई हजार ३०० जनाभन्दा बढी व्यक्ति घाइते भएको र केही प्रमुख सहरमा खोजी तथा उद्धार कार्य जारी रहेको बताएका छन् ।

मुख्य सडकहरू हिउँले ढाक्नेगरी आएको हिउँदे हिमआँधीका कारण उद्धारमा बाधा पुगेको टर्कीका उद्धारकर्मीहरूले बताएका छन् । टर्कीका मानिसहरू हिउँमा पाइजामा लगाएर उभिएर उद्धारकर्ताहरूले क्षतिग्रस्त घरहरूको भग्नावशेष खनेको टेलिभिजनद्वारा प्रशारित भिडियो तथा तस्बिरहरूमा देखाइएको छ । अमेरिकी भौगर्भिक सर्भेका अनुसार टर्की र सिरियाको सीमा क्षेत्रमा रहेको गाजियान्टेप सहर नजिकै स्थानीय समयानुसार बिहान ४ बजेर १७ मिनेट जाँदा भूकम्प गएको थियो । टर्कीको एएफएडी आपत्कालीन सेवा केन्द्रले ७.४ म्याग्निच्युडको पहिलो भूकम्प गएको र त्यसपछि ४० भन्दा बढी पराकम्प गएको जनाएको छ ।

टर्कीको टेलिभिजनमा सार्वजनिक भएका तस्बिरमा उद्धारकर्मीहरूले कहरमानमारस र छिमेकी गाजियान्टेप सहरमा समतल भवनहरूको भग्नावशेष खनेको देखिएको छ । कहरमनमारसको एउटा चित्रमा आगोले रातको आकाशलाई उज्यालो बनायो, यद्यपि यसको उत्पत्ति अस्पष्ट थियो । अदियामान, मालत्या र दियारबकिर सहरमा पनि भवनहरू भत्किएका छन्, जहाँ एएफपीका पत्रकारहरूले आत्तिएका मानिसहरू सडकमा दौडिरहेको देखेका थिए ।

कहरमनमारसका गभर्नर ओमेर फारुक कोस्कुनले धेरै भवनहरू ध्वस्त भएका कारण मृतकको संख्या अनुमान गर्न हतार हुने बताएका छन् । कोस्कुनले भने, ‘ यति धेरै भवनहरू ध्वस्त भएका कारण मृतक र घाइतेको संख्या अहिले नै बताउन सम्भव छैन । क्षति गम्भीर छ ।’ माल्टा प्रान्तमा १३औं शताब्दीमा निर्मित एक प्रसिद्ध मस्जिद आंशिकरूपमा भत्किएको थियो, जहाँ २८ अपार्टमेन्ट भएको १४ तले भवन पनि भत्किएको छ । अन्य सहरहरूमा पनि उद्धारकर्ताहरूले भग्नावशेषमा फसेका जीवित व्यक्तिहरूसम्म पुग्न संघर्ष गरिरहेका छन् ।

दियारबकिर सहरको एक समतल भवन अगाडि एनटिभी टेलिभिजनमा एक उद्धारकर्ताले भने, ‘हामी भग्नावशेषभित्र जता पनि आवाज सुन्छौं ।’ भग्नावशेषमुनि २०० जना मानिस रहेको हुनसक्ने बताइएको छ । सिरियाली स्वास्थ्य मन्त्रालयले अलेप्पो, लाटाकिया, हामा र टार्टस प्रान्तमा क्षति पुगेको जनाएको छ ।

उत्तरी सिरियास्थित एएफपीका संवाददाताका अनुसार जमिनको भयंकर कम्पनपछि आत्तिएका बासिन्दा घरबाट भागेका थिए । टर्की विश्वकै सबैभन्दा सक्रिय भूकम्प प्रभावित क्षेत्रमध्ये एक हो । टर्कीको डुज्से क्षेत्रमा सन् १९९९ मा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो ।उक्त भूकम्पमा इस्तानबुलमा करिब एक हजारसहित देशभर १७ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो । विशेषज्ञहरूले लामो समयदेखि इस्तानबुलमा ठूलो भूकम्पले तहसनहस पार्न सक्ने चेतावनी दिँदै आएका छन् । यहाँ सुरक्षा सावधानीविना ठूला भवन निर्माण गर्न अनुमति दिइएको छैन ।

त्यस्तै सन् २०२० को जनवरीमा एलाजिगमा गएको ६.८ म्याग्निच्युडको भूकम्पमा परी ४० जनाभन्दा बढीको मृत्यु भएको थियो । सोही वर्ष अक्टोबरमा टर्कीको एजियन तटमा गएको ७.० म्याग्निच्युडको भूकम्पमा परी ११४ जनाको मृत्यु हुनुका साथै एक हजारभन्दा बढी घाइते भएका थिए । *रासस/एएफपी*

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MODISH UNITED READYMADE CLOTHS COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२३ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ५५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

कम्पनी : **AL JAHRA COPTHORNE HOTEL & RESORT**

पूर्व स्वीकृति मिति :२०७८/११/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२३ LT. No. 257621 चलानी नं.६०१६३८७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 2 | 200 | ८४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Boy | 3 | 2 | 110 | ४६,६८० | | | | | | | |
| 3 | Commis (Butchery) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 4 | Commis (Cold Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 5 | Commis (Hot Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 6 | Commis (Pastry Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 7 | Driver Heavy | 2 | 0 | 180 | ७६,३८५ | | | | | | | |
| 8 | Driver Light | 2 | 0 | 150 | ६१,६८५ | | | | | | | |
| 9 | F&b Executive | 1 | 1 | 180 | ७६,३८५ | | | | | | | |
| 10 | Hk Attendant | 10 | 10 | 120 | ५०,९२५ | | | | | | | |
| 11 | Hvac Technician | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 12 | Kitchen Equipment Technician | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 13 | Laundry Attendant | 5 | 5 | 100 | ४२,४३५ | | | | | | | |
| 14 | Laundry Equipment Specialist | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 15 | Life Guard | 2 | 0 | 130 | ५५,१६५ | | | | | | | |
| 16 | Pastry / Bakery | 1 | 0 | 150 | ६१,६८५ | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 18 | Steward | 10 | 0 | 100 | ४२,४३५ | | | | | | | |
| 19 | Waiter/waitress | 10 | 10 | 120 | ५०,९२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **The Arch Hotel W L L**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/२३ LT. No. 265582 चलानी नं ६०१८१६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 1 | 0 | 160 | ५६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Staff/stewarding | 8 | 0 | 150 | ५२,७५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फाल्गुण २ गते (14th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Maharajgunj, Kathmandu, Nepal. Tel: +977-1-4016226/4015585
Email : info@janashaktinepal.com, hrd@janashaktinepal.com, Web: www.janashaktinepal.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SIM PASITOUR SRL**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/२३ LT. No. 266305 चलानी नं. ६०१८२५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/housemaid | 10 | 5 | 550 | ७२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 30 | 0 | 600 | ७९,६०५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,२३५ | | | | | | | |
| 4 | Cook Helper | 10 | 5 | 550 | ७२,९७० | | | | | | | |
| 5 | General Worker | 30 | 5 | 550 | ७२,९७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ देखि १२ गते (14-24th Feb. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Asar International Pvt.Ltd.**
Govt. License 1373/074/75
Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Mob No.: 9801305656 , 9801836652, 9801233962
Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAIHANA ORGANIZE EVENT & EXIBITIONS**

पूर्व स्वीकृति मिति २०७९/१०/२३ LT. No. 280617 चलानी नं. ६०१९६१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 0 | 4 | 1000 | ३६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **OTTOMAN PALACE RESTAURANT**

पूर्व स्वीकृति मिति २०७९/१०/२३ LT. No. 280615 चलानी नं. ६०१९६१०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PK FERTILIZERS SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०५/०१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२३ LT No :269656 चलानी नं. ६०१८५५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 1 | 0 | 1500 | ४६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **HIROYUKI INDUSTRIES (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/१५ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१०/२३ LT No :268126 चलानी नं. ६०१८४१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 26 | 0 | 1500 | ४६,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MASCOT TRADING CO. WLL**

पूर्व स्वीकृति मिति २०७९/१०/२३ LT. No.280604 चलानी नं. ६०१९६१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 100 | ३५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Store Keeper | 1 | 0 | 150 | ५२,७९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २ गते (14th Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**

### गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका तथा मादी गाउँपालिकामा प्रस्तावित भैंसे-ज्याम्दु-अर्मलाकोट-याम्दी पुल सडक खण्ड (३८.८ कि.मि.) स्तरोन्नति तथा नयाँ निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/२४**

प्रस्तावक श्री पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाद्वारा गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १६ र २० तथा मादी गाउँपालिका वडा नं. ३, ४ र ७ मा प्रस्तावित भैंसे-ज्याम्दु-अर्मलाकोट-याम्दी पुल सडक खण्ड (३८.८ कि.मि.) स्तरोन्नति तथा नयाँ निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन पेश गरेको छ ।

प्राप्त प्रतिवेदन अनुसार प्रस्तावित सडक मध्य पहाडी क्षेत्र अन्तर्गतको पहाडी भू-भागमा पर्ने देखिन्छ । यसको शुरु विन्दु मादी गाउँपालिका-४, भैंसे र अन्तिम विन्दु पोखरा महानगरपालिका-१६ को याम्दी रहेको छ । यसको कूल लम्बाई ३८.८ कि.मि. (१८.७३ कि.मि. नयाँ सडक र २०.०७ कि.मि. स्तरोन्नति) रहेको छ । यस सडकको (चेनेज ०+००० देखि ३४+४२० र चेनेज ३७+७६० देखि ३८+८००) लम्बाइ ३५.४६ कि.मि. दुई लेनको हुने र कालीखोलादेखि लामाचौर बसस्टपसम्मको खण्ड (चेनेज ३४+४२० देखि ३७+७६०) लम्बाई ३.३४ कि.मि. चार लेनको हुने देखिन्छ । प्रस्तावित नयाँ सडकखण्डको फर्मेशन चौडाइको र स्तरोन्नतिको लागि वन क्षेत्र तथा निजी खेतीयोग्य जमिन र बस्ती क्षेत्र गरी कूल ४३.५७ हेक्टर (स्थायी रुपमा ३१.४७ हेक्टर र अस्थायी रुपमा १२.१ हेक्टर) जमिन आवश्यक पर्ने देखिन्छ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको वेबसाइट **www.mofe.gov.np** मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयको उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो लिखित रुपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु :
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हहिरभवन, ललितपुर ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, एकान्तकुना, ललितपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कास्की ।
श्री पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कास्की ।
श्री मादी गाउँपालिका, गाउँपालिकाको कार्यालय, कास्की ।

**राय सुझाव पठाउने ठेगाना**
**वन तथा वातावरण मन्त्रालय,**
**वातावरण प्रभाव अध्ययन शाखा,**
**सिंहदरबार, काठमाडौं, फो.नं. ०१-४२११५६७, ४२११९४६ फ्याक्स नं. ०१-४२११८६८**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०४६०० | प्रति तोला – १०४१०० | प्रति तोला – १३२० |



**तोरी पेल्ने परम्परागत काठको कोल** | ललितपुरको खोकनामा रहेको परम्परागत तोरी पेल्ने काठको कोल। खोकना तोरीको तेलको लागि प्रख्यात छ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# विदेशी मुद्राको सञ्चिति १० प्रतिशतले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** केन्द्रीय बैंकको विवरणअनुसार पछिल्लो छ महिनामा विदेशी मुद्राको सञ्चिति बढेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको रिपोर्ट अनुसार छ महिनाको अवधिमा विदेशी मुद्राको सञ्चिति बढेको जनाएको हो।

विसं २०७९ असार मसान्तमा रु १२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १० प्रतिशतले वृद्धि भई गत पुस मसान्तमा रु १३ खर्ब ३७ अर्ब २९ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा नौ अर्ब ५४ करोड रहेकोमा गत पुस मसान्तमा आठ प्रतिशतले वृद्धि भई १० अर्ब ३० करोड कायम भएको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १० खर्ब ५६ अर्ब ३९ करोड रहेकोमा गत पुस मसान्तमा १२ प्रतिशतले वृद्धि भई रु ११ खर्ब ८३ अर्ब ३७ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ५९ अर्ब ४१ करोड रहेकोमा गत पुस मसान्तमा तीन दशमलव चार प्रतिशतले कमी आई रु एक खर्ब ५३ अर्ब ९१ करोड कायम भएको छ। गत पुस मसान्तसम्मको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव छ प्रतिशत रहेको छ।

### पाँच खर्ब ८५ अर्ब विप्रेषण

चालु आर्थिक वर्षको छ महिनामा कूल रु पाँच खर्ब ८५ अर्ब आठ करोड बराबरको विप्रेषण भित्रिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको छ महिनाको अवधिमा विप्रेषण आप्रवाह २४ दशमलव तीन प्रतिशतले वृद्धि भएको हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह पाँच प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३ दशमलव नौ प्रतिशतले वृद्धि भई चार अर्ब ५० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह पाँच दशमलव सात प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ६४ दशमलव छ प्रतिशतले वृद्धि भई दुई लाख ७५ हजार छ सय ४३ पुगेको छ।



वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा नौ दशलवम पाँच प्रतिशतले वृद्धि भई एक लाख ४२ हजार पाँच सय ४८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या दुई सय ९८ दशमलव एक प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद ट्रान्सफर २२ दशमलव सात प्रतिशतले वृद्धि भई रु छ खर्ब ४४ अर्ब ७२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर चार दशमलव चार प्रतिशतले घटेको थियो।

### शोधनान्तर स्थिति ९७ अर्बले बचतमा

मुलुकबाट बाहिरिनेभन्दा भित्रिने मुद्राको मात्रामा वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको छ महिनाको विवरणअनुसार शोधनान्तर स्थिति रु ९७ अर्ब १० करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ४१ अर्ब २३ करोडले घाटामा रहेको थियो।

समीक्षा अवधिमा चालु खाता रु २९ अर्ब ४७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु तीन खर्ब ५२ अर्ब १६ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ९५ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २३ करोड ३३ लाखले घाटामा रहेको छ।

समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर १९ दशमलव एक प्रतिशतले कमी आई रु चार अर्ब ४३ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु ७४ करोड ९४ लाख पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ४८ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु ११ अर्ब ३४ करोड रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब दुई करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ७३ करोड ४४ लाखले बचतमा रहेको छ।

# नेप्से परिसूचकमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ५७ अंकले उकालो लागेर दुई हजार एक सय दशमलव ६५ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ७६ अंकले उकालो लागेर चार सय दुई दशमलव शून्य एकमा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये पाँच उपसमूहको सेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको सेयर मूल्यमा भने वृद्धि भएको छ। कूल ३९ लाख २२ हजार दुई सय १६ कित्ता सेयर रु एक अर्ब ४७ करोड ४१ लाख ६१ हजार छ सय ४५ मूल्यमा कारोबार भयो।

कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु छ करोड ४५ लाख ७३ हजार बराबरको कारोबार भयो। यस्तै युनिभर्सल पावर कम्पनी र पाँच करोड ३५ लाख ७९ हजार नेपाल लाइफ इन्स्योरेन्स रु चार करोड ८९ लाख ६० हजार नौ सय ३२, हिमालयन डिस्टिलरी रु चार करोड ७७ लाख सात हजार पाँच सय एक र आशा लघुवित्त रु चार करोड तीन लाख ७३ हजार नौ सय बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार आदर्श लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ। माहुली लघुवित्त पाँच दशमलव ५१, युनिभर्सल पावर चार दशमलव ९९, सिभिल लघुवित्त चार दशमलव शून्य पाँच र सर्पोट माइक्रोफाइनान्सका लगानीकर्ताले तीन दशमलव ८४ प्रतिशतले कमाएका छन्।

यस्तै लक्ष्मी बैंकको ऋणपत्र नौ दशमलव ५८, बाराही हाइड्रोपावर चार दशमलव ६७, मिथिला लघुवित्त तीन दशमलव ८५, ग्लोबल आइएमई व्यालेन्स फण्ड एक तीन दशमलव ७५ र आरबिबी म्युचुअल फण्ड एकका लगानीकर्ताले तीन दशमलव ४३ प्रतिशतले गुमाएका छन्।

# पर्यटक लोभ्याउँदै बाघको मूर्ति

**रामपुर–** कालीगण्डकी नदीको किनार, बेगसहित सुसाउँदै गरेको नदीको गुञ्जयमान आवाज। वरपर मनोरम हरियाली रुख बिरुवाका बीच बाघको मूर्ति। उक्त स्थल यतिखेर पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै गएको छ। रामपुर नगरपालिका-६ स्थित कालीगण्डकी नदीको किनारमा हालै निर्माण भएको बाघको मूर्ति यतिबेला पर्यटकको आकर्षणको केन्द्र बनिरहेको छ। यहाँ दैनिकजसो अवलोकन गर्न जाने, फोटो खिच्ने, टिकटक बनाउने, भिडियो खिच्नेको उत्साह छ। नदीको किनार भएकाले पनि अन्य ठाउँको तुलनामा यहाँ घुम्न जानेहरू बढ्न थालेका छन्।



पर्यटन विस्तार र विकास गर्ने उद्देश्यले बाघ लुक्ने ठाउँ अर्थात् ढाडलाई व्यवस्थित गरी बाघको आकृतिको मूर्ति निर्माण गरिएपछि हिजोआज पर्यटक आउने जाने क्रम चलिरहेको रामपुर-६ का वडाध्यक्ष दिवाकर देवकोटाले बताए। धार्मिक तथा सांस्कृतिक महत्व बोकेको नदी कालीगण्डकीको संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने गरी नदी किनारमा बाघको मूर्ति निर्माण गरिएको उनी बताउँछन्।

'बाघको ढाड क्षेत्रको आसपासमा बारबन्देज, विश्रामस्थल, फूलबारीसहितको बगैंचा, सडक स्तरोन्नतिलगायतको कामलाई वडा तहबाट प्राथमिकता दिएर आयआर्जन गर्ने गरी योजना बनाएका छौँ', उनले भने, 'आन्तरिक पर्यटक तथा बाह्य पर्यटकलाई जोड्नका लागि नदीको किनारमा बाघको मूर्ति तयार पारेका हौँ।'

बाघको ढाड व्यवस्थापन शीर्षकमा नगरपालिकाबाट विनियोजित वजेट रु दुई लाख सहयोगमा काम थालनी भएको हो। करिब रु तीन लाखको लागतमा मूर्ति बनाउने कार्य सम्पन्न भएको छ भने यस कार्यमा यहाँका स्थानीयवासीले रु ३० हजार बराबरको श्रमदानसमेत गरेका छन्। हाल यहाँको बाघ आकारको मूर्ति अवलोकनमा दैनिकजसो करिब एक सयभन्दा बढी अवलोकन गर्न आउने गरेको बाघको ढाड व्यवस्थापन समितिका अध्यक्ष हुमा देवकोटा बताउँछिन्। उनका अनुसार शनिबार र सार्वजनिक बिदाका दिन अवलोकन गर्नेको ठूलै चहलपहल देखिन्छ।

कालीगण्डकीको किनारमा रहेको यस ढाडमा बाघ लुकेर बस्ने गरेकाले यसलाई बाघको ढाडका नामले नामकरण गरिएको ज्येष्ठ नागरिक थिरलाल ढकाल बताउँछन्। 'यस ढाडमा निँयाले जातको बाघ मरेपछि वन कार्यालयका कर्मचारीको रोहबरमा म आफैँले वैदिक परम्पराअनुसार अन्त्येष्टि गरेको छु, देवीको बाहनका रूपमा लिइने बाघ बस्ने, खेल्ने ढाडलाई संरक्षण गर्दै मूर्ति बनाएर राखिएको छ', उनले भने।

यस क्षेत्रमा पुग्ने बाटोको पहुँचमार्ग निर्माण, कालीगण्डकी नदीको मनोरम दृश्य, शीतल हावापानी, हरियाली रुख बिरुवाको लोभलाग्दो प्राकृतिक दृश्यले दर्शकलाई लोभ्याइरहेको छ।

कालीगण्डकीको तटमा अवस्थित रहेकाले पनि यो क्षेत्रले पर्यटन विकासको राम्रो सम्भावना बोकेको छ। कार्यालय, विभिन्न पेसा, व्यावसायमा आबद्ध रहने व्यक्तिलाई कामको थकानबाट मुक्ति प्राप्ति गर्नका लागि यस क्षेत्रको प्राकृतिक वातवारण उपयुक्त रहेकाले यो क्षेत्रले पर्यटन विकासमा फड्को मार्ने रामपुरका पुराना पत्रकार वासुदेव ढकाल बताउँछन्।

कालीगण्डकी नदी सुसाउँदै गरेको गुञ्जनले हरेक कामको थकावट, तनावलाई यहाँको वातावरणमा आएपछि मेटाउने खालको वातावरण छ। बाघको मूर्ति अहिले सामाजिक सञ्जाल फेसबुक, टिकटकमा छाएको छ। सामाजिक सञ्जालमा छाउन थालेपछि दिनप्रतिदिन अवलोकन गर्न जाने बढ्दै गएका छन्। बाघको मूर्तिस्थलसम्म पुग्न दुईतर्फी सडकको (पूर्वतर्फ पैदलमार्ग र पश्चिमतर्फ सवारीसाधनमा जान सक्ने) पहुँच विस्तार भएपछि अवलोकन गर्न जाने पर्यटकलाई सजिलो भएको छ। यस क्षेत्र नजिकै रामपुर नगर गौशाला, पर्यटकीय ज्यागदी वन, तालपोखरा, बुद्धपार्क जोडिएकाले पर्यटक भित्रिँदै गएका छन्।

यस नदी किनारमा हिन्दू धर्मावलम्बीहरू नदी स्नान गर्ने घाट रहेकाले यस क्षेत्र धार्मिक तथा पर्यटन विकासमा अगाडि बढ्ने स्थानीयवासीले आशा व्यक्त गरेका छन्। दैनिक आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेपछि पाल्पा सदरमुकाम तानसेन र पोखरा आएका बाह्य पर्यटकलाई रामपुर भित्रिने वातावरण तयार पार्न स्थानीय सरकारले कदम चाल्नुपर्ने स्थानीयवासीको माग छ। कालीगण्डकी करिडोरको पहुँचमार्गले गर्दा रामपुर भित्रिन सहज भएको छ। नारायणघाट, काठमाडौं, पोखरा, बुटवलसँग सडक जोडिएपछि रामपुर क्षेत्रमा पछिल्लो समय पर्यटन विकासका कामले गति लिइरहेको छ। *रासस*

# नेपालगञ्जमा घट्यो राजस्व संकलन

**नेपालगञ्ज (प्रस)–** नेपालगञ्ज भन्सार कार्यालयबाट गत वर्षको तुलनामा यस वर्ष रु नौ अर्बभन्दा बढी राजस्व कम असुली भएको छ। चालु आर्थिक वर्ष २०७९/८० को गत छ महिनाको अवधिमा करिब रु साढे ३१ अर्ब व्यापार घाटा भए पनि गत वर्षको सोही अवधिको व्यापार घाटाभन्दा रु नौ अर्ब २९ करोड कम घाटा भएको नेपालगञ्ज भन्सार कार्यालयले जनाएको छ।

नेपालगञ्ज भन्सार कार्यालयका भन्सार अधिकृत डिल्लुप्रसाद शर्माका अनुसार जमुनाहनाका हुँदै भारत तथा तेस्रो मुलुकसँग भएको व्यापारमा चालु आवको गत छ महिनामा रु ३१ अर्ब ५७ करोड ३० लाख २३ हजार घाटा भएको छ। तर यो घाटा गत वर्ष सोही अवधिमा भएको व्यापार घाटाभन्दा रु नौ अर्ब २९ करोड ६८ लाख ७२ हजार कम भएको अधिकृत शर्माले बताए। भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको पुससम्म सो नाकाबाट रु ३२ अर्ब ५५ करोड ९३ लाख ३३ हजार बराबरको सामग्री आयात भएकामा रु ९९ करोड ६३ लाख १० हजारको मात्र वस्तु निर्यात भएको छ। यसरी रु ३१ अर्ब ५७ करोड ३० लाख २३ हजार व्यापार घाटा भएको छ। भन्सार कार्यालयका अनुसार गत आवको सोही अवधिमा सो नाकाबाट रु ४१ अर्ब ८४ करोड एक लाख ९९ हजारको वस्तु आयात भएकामा रु ९७ करोड तीन लाख चार हजारको सामग्री निर्यात भएको थियो।

# खुल्यो सुपरमाई हाइड्रोपावरको आइपिओ

**काठमाडौं (प्रस)–** सुपरमाई हाइड्रोपावर लिमिटेडले सर्वसाधारणका लागि साधारण सेयर निष्कासन तथा बिक्री खुला गरेको छ। कम्पनीले आयोजनाबाट पीडित स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि सेयर निष्कासन गरिसकेकामा सोमबारदेखि सर्वसाधारणका लागि प्रतिकित्ता रु एक सय अंकित दरमा चार लाख १५ हजार कित्ता सेयर प्राथमिक सार्वजनिक निष्कासन(आइपीओ)को बिक्री खुला गरेको हो।

कम्पनीले आफ्नो जारी पूँजी रु ५० करोडको १० प्रतिशतले हुने रु पाँच करोड मूल्य बराबरको कूल पाँच लाख कित्ता साधारण सेयरमध्ये ५० हजार कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि, २५ हजार कित्ता सामूहिक लगानी कोषलाई बाँडफाँड गरेको र १० हजार कित्ता कर्मचारीलाई छुट्याई बाँकी चार लाख १५ हजार कित्ता सेयर सर्वसाधारणलाई निष्कासन गर्न लागिएको जनाएको छ।

उक्त कम्पनीले निष्कासन गरेको सेयरमा लगानीकर्ताले छिटोमा यही माघ २६ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे आगामी फागुन ८ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम २० हजार कित्ता सेयर खरिदका लागि आवेदन दिन सक्नेछन्।

कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक सानीमा क्यापिटल लिमिटेड रहेको छ। इच्छुक लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृतिप्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट 'सी-आस्वा' प्रणालीमार्फत र 'मेरो सेयर'बाट आवेदन दिने सक्ने कम्पनीले जनाएको छ। कम्पनीलाई ईक्रा नेपालले 'ईक्राएनपी आईआर बिबिबी माइनस' प्रमाणपत्र प्रदान गरेको छ।

उक्त कम्पनीले इलामको इलाम नगरपालिका र माईजोगमाई गाउँपालिकाको सीमा नदी 'माई खोला'मा सात दशमलव आठ मेगावाट क्षमताको सुपरमाई हाइड्रोपावरको निर्माण गरेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक